जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- ८, २०७६ साल असोज ७ गते मंगलबार (Sept, 24, 2019) www.janaakash.com.np मुल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

**अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।**

**जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।**


**सम्पर्कः ४१६७५७८ (बागबजार)**

**मोबाइलः ९८६१५८८४५६**

Email: jana.news2065@gmail.com


# नेपालमा सिको बहस शुरु

**मोहन कार्की**



चीनका राष्ट्रपति सि.जिन पिङ्ग नेपाल भ्रमणमा आउने सार्वजनिक भएसँगै नेपालमा सि.जिन पिङ्ग र चीनले अवलम्बन गरेको सि.जिन.पिङ्ग पथको बारेमा समेत बहस हुने गरेको छ । नेपालमा चीनका राष्ट्रपति भ्रमणमा आउने विषयमा वहस हुनु त स्वभावविकै हो । किनकी विश्वको शक्तिशाली राष्ट्र चीन र पछिल्लो समयमा छोटो अवधिमा चीनले प्राप्त गरेको सफलता महत्वपूर्ण विषयहरु हुन् । त्यो सँगसँगै सि. जिन पिङ नेपाल भ्रमण अगावै डबल नेकपा र चिनिया कम्युनिष्ट पार्टी बिचको छलफल औपचारिक रुपमा हुन लागेको छ । यस विषयले त झनै नेपालमा थुप्रै कम्युनिष्ट घटनामा चर्को वहस चलिरहेको छ ।

नेपालको परराष्ट्र नीति असंलग्न रहदै आएको थियो र पछिल्लो समय इन्डो प्यासेफिक ग्रूपमा नेपालको पनि ग्रिन सिङगल दिएपछि झस्किएको चीन र पछिल्लो समय कुटनीतिक भेटघाट बाक्लो पारेको चीनले चिनिया कम्युनिष्ट पार्टी र डबल नेकपा बिच सहकार्य गर्दै चिनले तय गरेको र डबल नेकपा बिच सहकार्य गर्दै चीनले तयार गरेको नीति तथा कार्यक्रम डबल नेकपा मार्फत गर्न सकियोस भन्ने उद्देश्यले चीनले लिएको हुन सक्छ भने नेपालको सरकार तथा डबल नेकपामा पनि चिनिया मोडलको एकतन्त्रिय साशन व्यवस्थाको अनुशरण गरेर नेपाललाई डबल नेकपाले सधै साशन गर्न सकियोस र त्यसको लागि छिमेकी शक्तिमा रहेको चिनले सहयोग गरोस भन्ने डबल नेकपामा रहेको सहजै बुझ्न सकिन्छ ।

हुन त नेपाल र चीनबीच थुप्रै विकाश निर्माण, भाइचारा सम्बन्धहरु पनि छन् नेपाललाई अप्ठ्यारो पर्दा चीनले सहयोग नगरेको पनि होइन । तर हाम्रो देश नेपालको पार्टी, साशन व्यवस्था कस्तो बनाउने कसरी चलाउने भन्ने विषय हामी नेपालीहरुको स्वतन्त्रता छ । अहिले जसरी चीनमा राष्ट्रपनि सि.जिन पिङ पथको अनुशरण गर्नेगरी डबल नेकपाले आफ्नो योजना बनाइरहेको भन्ने बाहिर हल्ला आएको छ । त्यो वास्तविकता हो भने स्वतन्त्र रुपमा नेपाली नागरिकहरुले आफ्नो स्वतन्त्रता प्रयोग गर्दै आएको अधिकार माथि नियन्त्रण गर्ने उद्देश्य रहेको बुझ्नेछन् र एउटा देशले अर्को देशसँग गर्ने सम्झौताहरुको बारेमा जुनसुकै देशको अभ्यास हेर्दा देशका जनताहरु, विज्ञहरुसँग परामर्श गरेको देखिन्छ । नेपालको सन्दर्भमा त्यस्ता न्यूनतम् गर्न सकिने छलफल, बहस जनभावनाको कदर कतै गरेको देखिएको छैन ।


एक पक्षिय ढंगबाट चीन र नेपाल बिचका कम्युनिष्ट पार्टी भित्र सि.जिन पिङ्ग विचारधाराको विषयमा डबल नेकपा भित्र वहस चलाइनु कत्तिको सान्दर्भिक छ ? यो अहम प्रश्न उठेको छ । के नेपालमा कम्युनिष्ट पार्टी भनेको डबल नेकपा मात्र हो वा चीनले सरकार चलाउने शक्ति मात्र कम्युनिष्ट पार्टी देखेको हो ? यो प्रश्न नेपाली समाजमा ठूलो वहसको विषय बनेर गएको छ ।

नेपालमा चीनका राष्ट्रपति भ्रमणमा आउँदा नेपालको अन्तराष्ट्रिय प्रतिष्ठा देखि कुटनितीक विश्वसनीयता पनि बढ्छ । तर त्यो भन्दा महत्वपूर्ण विषय हाम्रो देशको राष्ट्रिय हितको लागि केके फाइदाहरु लीन सकिन्छ त्यो चै महत्वपूर्ण रुपमा हेर्नुपर्छ । शक्तिशाली राष्ट्र भन्ने बित्तिक्के आफ्नो राष्ट्र स्वतन्त्रता सार्वभौमसत्ता र आफ्नै मौलिक सस्कृति र विश्वले अङ्गीकार गरिरहेको स्वतन्त्रतालाई नियन्त्रण गर्ने एकल वादी नीति नेपालमा चीनको सिको गर्नैपर्ने खालका अभ्यास हुन लागेको देखिन्छ । यो नेपालीहरुको भावना विपरित छ ।

सधै चिनप्रति सदभाव र मित्रवत, विश्वास राख्ने नेपालहरु चीनको सरकारले नेपाल सरकारसँग गरेको सम्झौताले निकट भविष्यमा आन्तरिक स्वतन्त्रताबाट वञ्चित हुदै जानुपर्ने वाध्यकारी साशन व्यवस्थाको परिकल्पना त कतै हुदैछैन ?

त्यसो गरिन लागेको हो भने चीनिया र नेपाली नागरिकबीचमा रहेको सद्भाव, मित्रवत सम्बन्धमा ठेस पुग्न सक्छ त्यसकारण चीनले आफ्नो देशको सि.जिन .पिङ पथ चीनमा प्रयोग गर्न स्वतन्त्र छ । हाम्रो नेपालमा के पथ कुन व्यवस्था लागु गर्ने भन्ने हामी सँगै छ । यति बुझेर काम गर्दा दुबै देशलाई फाइदै फाइदा देखिन्छ ।

## प्रचण्ड सुटिङ्ग गर्न अमेरिका जाने



काठमाडौं । नेपालका चर्चित कलाकार जसले नेपालका पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को क्यारिकेचर गरेर दर्शकहरुलाई नेकपामा अध्यक्ष प्रचण्ड त्यस कार्यक्रममा भएको भान गराउन सक्ने कला भएका कलाकारको वास्तविक नाम हो प्रदीप पाठक काभ्रेमा २०५० सालमा जन्मेका पाठक सानै उमेरमा पढन जति लिच्छ थिए त्यस्तै कलाको क्षेत्रमा अभूत क्षमता राख्थे रे उनि सम्झना गर्दै हामीलाई भन्छन् तेमाल गाउँपालिकामा जन चेतना मा.वि.मा पढ्दा शिक्षकहरुले मेरो स्वभाव देखेर तिमीले पढेर चै होइन कलाकारिताको क्षेत्रमा चै के गर्छौ नभन्दै २०६४ सालमा एस.एल.सी परिक्षा दिएपछि त के झनै उच्च मनोबल राखेर काठमाडौं आई क्याम्पस पढ्दै हास्य व्यग्य क्षेत्रबाट NTV बाट प्रशारित हुने तितो सत्य जस्तो चर्चित टेलिसृङ्खलामा अभिनय गर्दै कलकारिता क्षेत्रमा आफ्नो करियर बनाएका पाठकले पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को नक्कली अभिनय गरेपछि त झनै राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरमा समेत उनको चर्चा बढेर गयो । बाँकी ५ पृष्ठमा

## आन्दोलन फिर्ता

## सिएमसी र विद्यार्थीकाबीचको विवाद मिल्यो

चितवन । चितवन कलेज (सिएमसी) भरतपुरले विद्यार्थीहरुसँग असुल्दै आएको चर्को शुल्कका विरोधमा चलेको आन्दोलन फिर्ता भएको छ । कलेजका संचालक विद्यार्थीका अभिभावक र जिल्ला प्रशासनका बीच भएको सहमति अनुसार विद्यार्थीहरुले आन्दोलन फिर्ता लिएका हुन् ।

प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतका अनुसार कलेजले विद्यार्थीहरुबाट लिइएको चर्को शुल्क घटाउन र समायोजन गर्न सहमति दिएको हो । सम्झौता भएको २० दिनभित्र कलेज व्यवस्थापनले सबै समस्या सल्ट्याउने निर्णय गर्दै असोज ५ गतेबाट विरोधका सबै कार्यक्रम विद्यार्थीहरुले फिर्ता लिएको जनाइएको छ ।

बढी शुल्क लिएको वा नलिएको बारेमा अध्ययन गर्नका लागि ७ सदस्यीय समिति गठन गरिएको भएता पनि कलेजले विद्यार्थीहरुबाट बढी रकम असुलेको स्वीकार गर्नुले मेडिकल कलेजको चरम लापरवाही स्पष्ट भएको आन्दोलनकारी विद्यार्थीहरुले बताएका छन् । कलेजका प्रिन्सिपल डा. हरिप्रसाद न्यौपानेले विद्यार्थीसँग बढी शुल्क लिइएता पनि परीक्षा र अन्य प्रयोजनका लागि खर्च गर्नेगरी व्यवस्थापन मिलाएको तर्क दिएका छन् ।

मेडिकल कलेजले व्यवस्थापन पढ्का लागि साथै विद्यार्थीका बीचको असमझदारी लाई हटाउने बताउँदै आएको छ । ३० दिनभित्र स्नातक तहका सबै विद्यार्थीहरुबाट नेपाल सरकार एवं आइओएमले तोके भन्दा बढी शुल्क फिर्ता वा समायोजन गर्न कलेज सहमत भएको छ । बाँकी ५ पृष्ठमा

## रामेछापको दुरागाउँमा के हुदैछ ?

### भूकम्प पीडितले राहात नपाउदा जिर्णघर भत्केर बालकको मृत्यु

रामेछाप । रामेछाप जिल्लाको लिखु तमाकोशी गाउँपलिका वाडन १ दुरागाउँ अस्तब्यस्त अवस्थामा गुज्रीरहेको छ । वाडन १ का वडा अध्यक्ष निङमारको गैर जिम्मेवारी तरिकाको काम गराइले गर्दा यस्तो समस्या आएको स्थानीयहरुले दुखेसो पोखेकाछन् । केही दिन अगाडी मात्र भूकम्पले चर्काएर राखेको घर भन्केर बालकलाइ थिच्दा ११ बर्षिय मनिस थापाको घटनास्थल मै मृत्यु भएको थियो । जुन परिवार भूकम्प पीडित भएपनि राहात पाएका थिएनान् ।

नेपालमा २०७२ जेठ १२ गते गएको माहाभूकम्पले रामेछापको सवैभन्दा प्रभावित साविकको दुरागाउँ गा.वि.स.मा मात्रै ८ जनाको मृत्यु भएको थियो त्यतिवेला विपत्तको वेला त को काहाँ कुन अवस्थामा कसैको ख्याल पनि गरिएन होला तर सरकारले भूकम्प प्रभावित १३ वटा जिल्ला त्यस मध्यपनि अत्ति प्रभावित, प्रभावित, सामान्य प्रभावित छुट्याएर छुट्टै भूकम्प प्रभावित क्षेत्रलाइ लक्ष्य राखेर राहात उपलब्ध गराउन राष्ट्रिय पुणनिर्माण प्रधिकरण स्थापना गरी काम अगाडी बढायो र त्यसमा जिल्ला निर्माण प्रधिकरणहरु स्थापना गरी गाउगाउमा मृत्यु भएकाको तथ्याङक घर भत्कीएको भत्कीन लागेको सामान्य क्षति भएको लगत संकलन गरेर जिल्ला पुननिमाण प्रधिकरणले राहात उपलब्ध गराउदै आएको थियो त्यसमा लिखु तामाकोशी गाउपलिका वाडन १ दुरागाउँमा मात्रै झण्डै ४०० घरधुरी क्षति भएका थिए ।

बाँकी ५ पृष्ठमा

## किरात वंशका राजा जीता सिङका सन्ततिद्वारा पुरस्कार तथा सम्मान कार्यक्रम सम्पन्न

काठमाडौं । गत शनिवार २८ गते किरात राई रानाहँछा समाजले कार्यक्रम आयोजना गरी समाजलाइ योगदान दिएका व्यक्तिहरूलाई र एसईइमा उत्कृष्ट हुने विद्यार्थीलाई सम्मान तथा पुरुस्कार वितरण गरिएको थियो ।



राजा जिता सिङको नाममा स्थापित पुरस्कार तथा सम्मान प्राप्त गर्ने प्रतिभाहरु मध्ये गायिका राधा राई र २०७५को एसईइ परिक्षामा उत्कृष्ट अङ्क ल्याउने छात्रा संज्ञा राईलाई जितासिंङ शिक्षा पुरस्कारद्वारा सम्मान गरिएको थियो।

त्यसैगरी संस्थाले उपत्यकामा बसोबास गर्नुहुने सबै भन्दा ज्येष्ठ नागरिक चेली विन्द्रा शोभा राईलाई 'जेष्ठ नागरिक सम्मान' प्रदान गरेको थियो । भने माननीय सभासद महेन्द्र कुमारी राई लिम्बु तथा महिला अधिकारकर्मी देविता राईलाई पनि विशेष सम्मान गरिएको थियो। कवि चन्द्र रानाहँछा र स्वास्थ्यकर्मी दीपा राईले सहजीकरण गरेको सो कार्यक्रममा भरत कुमार राई बिकेसिंङ राइले स्वागत मन्तव्य राखेका थिए भने कलाकार राधा राई, मेघराज राई र विलम राईले गीत प्रस्तुत गरेका थिए त्यसैगरी कलाकार आँचल राईले नृत्य प्रस्तुत गरेकी थिइन । बाँकी ५ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# बजारभाउ नियन्त्रण गर

**नेपालीहरुको महान चाड वडा दशै तथा तिहार नजिकिदै गएको छ । यो पर्व धनि गरिब जो सुकैले सद्भावको पर्वको रुपमा मनाउने गर्दछन् । वर्षमा एकपटक सबै कुरा विर्सिएर घर परिवार, टोल, छिमेक र देशै खुसीको माहोलमा रहने गरेको छ । यो अवसरमा मानिसहरुले नयाँ कपडा लगाउने मिठो मसिनो खाने भएको बाडीचुडी खाएर रमाइलो गर्दै आएका छन् ।**

**त्यतिबेला मानिसहरु दशैको लागि किनमेल गर्न बजारमा निस्किसकेका छन् जतातर्तै पसलहरुमा भीडभाड देखिन्छ भाउ सोधेर किन्ने गर्छन यसवर्ष पनि त्यसै गरेको देखियो प्रत्येक वर्ष दशैको मुखमा काला व्यापारीहरुले उपभोग्य वस्तुहरुको अकल्पनीय ढंगबाट बजारभाउ बढाउँदा उपभोक्ताहरु चर्को मूल्य वृद्धि भएका सामान वस्तुहरु किन्न बाध्य हुदै आएका छन् । यस वर्ष पनि त्यस्तै अस्वभाविक ढंगबाट सामानको मूल्य बढेको छ । दशैमा बढी प्रयोग हुने मसला, तेल, चामल, अविर, मासु, कपडा लगायत साथै चाडपर्वको अवसरमा दाजुले भाइलाई बाउ आमाले छोराछोरीलाई मोबाइल किनिदिउला वाइक किनिदिउला भनेर पहिला बाचा गरेका हुन्छन् यस्ता हरेक चिज वस्तुहरु दशैको अवसरमा व्यापार बढ्ने गरेको छ । एकजना अर्थ विज्ञको भनाईलाई आधार मान्ने हो भने नेपालमा वर्षभरिको आर्थिक कारोबार मध्ये ९० प्रतिशत दशैको १ महिनामा र बाँकी १० प्रतिशत ११ महिनामा आर्थिक चलायतमान हुने गरेको छ । यो समयमा हुने बजारभाउको अत्याधिक ठगी रोक्न हरेक वर्ष प्रत्यक्ष भएपनि भरपर्दो हुन सकेको छैन । दशैको अवसरमा विभिन्न सामान उत्पादन कम्पनीहरुले , समान बेच्ने पसलेहरुले चिठ्ठा, अफर अनेक खालका अफरको प्रलोभन देखाउने पनि गरेका छन् तर सो सामान वस्तुहरु दशै भन्दा अगाडीको मूल्य कति थियो दशैमा कति भयो र कति छुट दिन खोजिएको हो प्रष्ट हुदैन अर्को नेपालमा कुनैपनि पसलहरुमा मूल्यसूची राखिएको हुदैन एदाकदा मूल्यसूची राखिएको भएपनि बडी भिडभाड हुने ठाउँमा सामान किन्नत लाइन बस्नुपर्ने ठाउमा मूल्यसूची कुनबेला पढ्ने यस्ता अव्यवहारिक बजार हाम्रो देशमा हुदै आएको छ । २०७६ सालको विजयादशमीको मूखमा पनि यतिबेला अस्वभाविक रुपमा बजारभाउ बढेको छ । उपभोक्ताहरु अतिरिक्त मूल्य तिर्न बाध्य छन् वर्षभरी कमाएर आफ्ना छोराछोरीसँग खुसी मनाउने बुबाआमाको चाहाना बजारभाउको आकाशिदो महंगीले उपभोक्तालाई नकिनौ भने वर्षको एक पटक आउने महान पर्व किनौ भने दशा नै हुने गरी सामान वस्तुको मूल्य तिनूपर्दा उपभोक्तालाई तनाब उत्पन्न हुने गरेको छ । यस्ता अश्वभाविक मूल्यवृद्धि नियन्त्रण गर्न वैज्ञानिक ढंगबाट संयन्त्र प्रयोग गरी नियन्त्रण गरिनुपर्दछ । जस्तै कुनैपनि अति आवश्यक पर्ने समानहरुको नेपाल सरकारले सम्बन्धित निकाय मार्फत मूल्यसूची तोकेर प्रचार प्रसार र अपडेट गराएको गरायै गर्ने, अनुगमन निष्पक्ष प्रभावकारी ढंगबाट मिहेनतका साथ गर्नुपर्छ अनुगमनको नाममा हुल हुज्जत गरेर समाचार लेखाउनको लागि माग होइन स्वच्छ, इमानदारका साथ म एक सच्चा नेपाली हुँ मैले गर्ने सानो गल्तीले मेरी आमा ठगिए जस्तै हजारौ लाखौ आमाहरु नठगिउन् भन्ने जिम्मेवारी सम्झेर अनुगमन तिब्र पारिनुपर्छ सँगसँगै राज्यसँग भएका सबै खालका संयन्त्र प्रयोग गरेर गुणस्तरहीन सामान किनमेलमा प्रतिबन्ध लगाई स्वच्छ उपभोग योग्य सामानहरु मात्र बजारमा किनबेच गर्न पाइने वातावरण बनाउनुको साथै सुपथ मूल्यमा सबै नेपालीले सामान वस्तु किन्न समेत वातावरण बनाउन सम्बन्धित निकायले बजारमा अहिले बढिरहेको अश्वभाविक बजारभाउलाई नियन्त्रण गर्नुपर्छ र उपभोक्ताले प्राप्त गर्नुपर्ने सुविधा सुरक्षित गरिनुपर्छ ।**

# कृषिको आधुनिकीकरणमा राज्यको दायित्व

**मोहन पोखरेल**

**नेपाल खाद्यान्नमा त्यसै आत्मनिर्भर त थियो नै त्यसमा पनि करोडौको अन्न निर्यात गर्दा नेपालमा विदेशी मुद्राको संचिती बढेको थियो । अहिलेसम्म छातीमा हात राखेर भन्नुपर्छ, यही प्रणाली यथावत रहन्थ्यो भने नेपाल सिंगापुर बनिसक्ने थियो । राजा वीरेन्द्रले पनि गाउँको जनशक्ति गाउँमै रहोस् भन्ने उद्देश्यका साथ नेपाललाई सन् २००० सम्म एशियाली मापदण्डमा पुऱ्याउने घोषणा गरेका थिए । आखिर राजसंस्था, व्यवस्था आदिले पल्टा खाएपछि सबै अधुरो रह्यो ।**



कृषिमा आधुनिकीकरण नगरी देशको विकास सम्भव हुँदो रहेनछ भन्ने दृष्टान्त हामी सबैले विगत ३० वर्षदेखि अनुभव गर्दै आएका छौं । पहाडी ग्रामीण क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरु कृषि पेशामा संलग्न रहेकाले त्यस्ता कृषि पेशामा आधारित जनताको जिवनस्तर उकास्न नसक्दा धेरै जनशक्ति ग्रामीण भेगबाट पलायन भइरहेको दर्दनाक अवस्था छ । भर्खरका कल्कलाउँदा युवाहरु खान लाउनका कठिनाईबाट बर्षेनी लाखौको अनुपातमा विदेश पलायन भइरहेका छन् । अरबका खाडी राष्ट्रहरुमा ५०।५५ डिग्रीको तापक्रम झेल्दै श्रम गरिरहेका छन् । साथै अरेवियन मुलुक बाहेक जापान, नर्वे, स्कटल्याण्ड, नेदरल्याण्ड, अमेरिका तथा अरु कैयन मुलुकमा नेपाली युवाको पसिना बगिरहेको छ । राज्यले नेपाली श्रमिकले बगाएको रगत पसिनाबाट आर्जिक आम्दानीलाई खुबै गर्वका साथ रेमिट्यान्सको उपमा दिर्य नेपालको अर्थतन्त्रमा ठुलो टेवा पुऱ्याएको हास्यास्पद तर्क दिएको छ । जो आफैमा अत्यन्त लाजमर्दो, घिनलाग्दो र अन्तर्राष्ट्रिय बेइज्जती बाहेक केही होइन ।

हाम्रो देशमा बहुदलीय शासन प्रणाली शुरु भएको ठ्याक्कै ३० वर्ष पुगेको छ । देशका युवाहरुलाई रोजगारीका नाममा विदेश पलायन गराउने अत्यन्त नौलो परिपाटी यही शासन प्रणाली अन्तर्गत चलेको सरकारले लागु गऱ्यो । वैदेशिक रोजगारकि नाममा यो मुलुकमा धेरै बैदेशिक रोजगार संगठन खुल्दै गए । अहिले आएर त्यस्ता खालका वैदेशिक रोजगारी संस्थाहरु हजारौंको संख्यामा कार्यरत छन् । कृषिको आधुनिकीकरणको राज्यको उदासिनता र वैदेशिक रोजगारको नाममा खुलेका संस्थाप्रति उसको सदासयताका कारण युवा जनशक्ति पलायन भई कृषि क्षेत्रमा ह्रास आएको हो । युवा जनशक्तिको अभावमा बाँकी ग्रामीण क्षेत्रका खेतीयोग्य लाखौं एकड जमिन बाँझिएका छन् ।

खेतबारी बर्षेनी बाँझे रहनका कारण रुख बुट्यानहरु बढ्ने र साथसाथै त्यसैक्रममा बनमारा झारको थप बृद्धि भई खेतीयोग्य जमिन सम्हाल्नै नसक्ने गरी झाडी जंगलमा परिणत हुँदै गएको दु:ख लाग्दो अवस्था छ । झाडी जंगल बढेका कारण पहाडमा कहिल्यै नदेखिने खालका जंगली जनावरको प्रवेश बढ्दो क्रममा छ । खेती गरेर खाने उर्वर जमिनमा बाघ, चित्तल, जरायो, मृग, बँदेल, दुम्सी र वनकुखुरा, स्याल र व्वाँसाको बासस्थान बढ्नु अचम्म लाग्दो दृष्य देख्न पाइन्छ । मेरै आँखाले प्रत्यक्ष देखेको एउटा उदाहरण पेश गरौं- मेरो जन्मस्थल स्याङ्जा किचनास गाउँ कुनै बेला एउटा रमणीय गाउँ थियो । एउटा पहाडी भेग यस्तो रमणीय थियो कि जहाँको हजारौं हेक्टर जमिन टिमुरै टिमुरले छपक्कै ढाकिएको थियो । टाढाटाढाबाट टिमुर टिप्नका लागि मानिसहरु १५।२० किलो अट्ने खालका बोरा बोकेर आउँथे । सजिलैसँग बोरामा टिमुर भरेर आफ्ना गन्तव्यस्थलतर्फ लाग्थे । हेर्दाहेर्दै प्रकृतिले प्रदान गरेको मनोरम भूभाग बनमाराको चपेटामा पर्दा टिमुरका बोटको सत्यानास भएको छ । बोट सबै मरिसकेका छन् । यतिखेर जंगली जनावरको कृडास्थल बनेको छ, त्यो मनोरम भूभाग ।

पहिला पहिला युवा जनशक्ति थियो र पो गाई बाख्रा चराउन लैजाँदा तिनीहरुको चापले बनमारा फैलन पाउँदैनथ्यो । गाईवस्तुले चरन गरेको ठाउँमा कुनै किसिमका विषालु झारपात उम्रदैनथे । त्यसैकारण बहुउपयोगी बनस्पती टिमुरको संरक्षण हुन्थ्यो । किचनासको टिमुर क्षेत्रको जसरी सत्यानास भएको छ, त्यसैगरी बनस्पति टिमुर खेती नष्ट भएका उदाहरण छन् ।

स्याङ्जा किचनासकै एक अर्को उदाहरण दिउँ । सिमले भन्ने खेती बर्षेनी मुल फुटि रहने खेतीयोग्य थलो हो । यो खेत करिव ६०० रोपनीको हाराहारीमा फैलिएको छ । यसै मध्येको २१ रोपनी खेत यसै लेखकको अथवा हाम्रो घर परिवारको भाग मध्येको पर्दछ । अरु बाँकी जग्गा ब्राम्हण, क्षेत्री, मगर, गुरुङ्ग आदी पविारको अलग अलग भाग मध्यमा पर्दछ । प्राकृतिक छटाले अति नै महत्वपूर्ण उक्त खेतीयोग्य जमिनका कान्ला र आलीभर पुदिना निहुरो र जलुको उमिन्थ्यो । जो टिपेर र खाएर सकिँदैनथ्यो । वैदेशिक रोजगारीका कारण यतिखेर त्यत्रो ६०० रोपनी खेत बाझिनुका कारण बनमारा झारको उत्पत्ति भइ जंगल पल्टिएको छ । आफ्नो खेतको साँद कतापट्टि छ थाहा छैन । किनकी बनमारा फैलिएर हिँड्ने बाटो समेत बन्द हुँदा हाम्रो खेत कता कुना दिशामा छ मलाई जानकारीमा छैन ।

हेर्दा हेर्दै मगमग्ती बास्नादार कालो झिनुवाको धान फल्ने, पुदिना निहुँरो जलुकोको त्यो उर्वर भुमि जंगलमा परिणम हुँदा कसको मन रुँदैन र । यो त एउटा उदाहरण मात्रै हो पूर्वदेखि पश्चिमसम्मका हिमाली, पहाडी, भूभाग यसै गरी जनशक्तिका अभावले बाँझिएका छन् । हो, यस्तै डरलाग्दो परिस्थिति आउन सक्छ भन्ने विश्लेषण गरेरै होला राजा महेन्द्रले गाउँको युवा जनशक्ति गाउँमै रहोस्, गाउँमै पाखा पखेरामा रमाओस्, खेतीयोग्य जमिनको संरक्षण गरोस् र अनावश्यक रुपमा विदेश पलायन नहोस्, शहर बजारमा बसाई सराई केन्द्रीत नगरोस् भन्ने उद्देश्यका साथ "गाउँ फर्क राष्ट्रिय अभियान" को नीतिलाई मुलुकभर लागु गराएका हुन् । तर नेपाल आमाका कोखमा धेरै थोरै यसता कुसन्तीले जन्म लिँदा रहेछन् जसले राजा महेन्द्रको दुरदर्शी राष्ट्रिय अभियानलाई किन टिक्न दिन्थे, जसले जरैदेखि, पंचायती व्यवस्था समेत खाइ दिँदा गाउँ फर्क राष्ट्रिय अभियान जस्ता हाँगाविँगा रहने कुरै भएन ।

पंचायती शासनकालकै कुनै समय थियो, नेपालमा धान चामल निर्यात कम्पनी नामको एउटा संस्था खडा भएको थियो । मैले जान्दा सम्म त्यो बेलामा खेतीयोग्य बाँझ जमिन हुँदैनथ्यो । युवा जनशक्तिको खाँचो थिएन । प्रत्येक घरमा एकहल गोरु र हलीको कुनै कमि हुँदैनथ्यो । ९० प्रतिशत कृषिमा आधारित जनता भएकैले होला नेपाललाई कृषि प्रधान देश भनेको । धान चामल निर्यात कम्पनीले बर्षेनी करोडौंको अनाज विदेश निर्यात गर्दथ्यो । नेपाल खाद्यान्नमा त्यसै आत्मनिर्भर त थियो नै त्यसमा पनि करोडौको अन्न निर्यात गर्दा नेपालमा विदेशी मुद्राको संचिती बढेको थियो । अहिलेसम्म छातीमा हात राखेर भन्नुपर्छ, यही प्रणाली यथावत रहन्थ्यो भने नेपाल सिंगापुर बनिसक्ने थियो । राजा वीरेन्द्रले पनि गाउँको जनशक्ति गाउँमै रहोस् भन्ने उद्देश्यका साथ नेपाललाई सन् २००० सम्म एशियाली मापदण्डमा पुऱ्याउने घोषणा गरेका थिए । आखिर राजसंस्था, व्यवस्था आदिले पल्टा खाएपछि सबै अधुरो रह्यो ।

के कुनै देशको विकास गर्छौ भन्नेहरुले पञ्चायत फालेर बहुदलीय प्रणाली लागु गर्दा के भयो त । वैदेशिक रोजगारका नाममा युवा शक्तिको पलायन र खेतबारी बाँझै राखेर मुलुकको टाट पल्टाउने काम बाहेक अरु के उपलब्धी गरे ? अझै पनि कृषकलाई उन्नत मल बिउ नि:शुल्क वितरण गर्ने, बाहिरिएको युवा शक्तिलाई स्वदेश भित्र्याउने, ६० बर्ष कटेका कृषकलाई पेन्सनको व्यवस्था गर्दै बाँझो जमिनलाई उर्वर बनाउने तर्फ राज्यको ध्यान गएमा देशको अवस्था केही हदसम्म सुध्रिने थियो कि !

# संघीयता असफल बनाउने षड्यन्त्र

**–महाजन यादव**

नेपाललाई सतिले सरापेको देश भन्ने गरिन्थ्यो । अहिले दुई तिहाईको सरकार हुँदा पनि देशको अवस्था यस्तो हुनु दुर्भाग्यपूर्ण हो । पैसाको बलमा चुनाव जितेर गएका उद्योगकर्मीहरू अहिले राजनीतिमा छन् । उनीहरू आफ्नो चुनावमा खर्च भएको पैसा कसरी निकाल्ने र राजनीतिलाई कसरी कमजोर बनाउने भन्ने तिर लागिरहेका छन् । केपी ओलीको सरकार पतनको बाटोमा अगाडि बढिरहेको छ ।

मधेशी दलले वर्षौंदेखि संघर्ष गर्दै आएको छ । यो देशमा अधिकारविहीन भएर धेरै वर्षदेखि बाँच्दै आएका जनताको माग सम्बोधन गर्नका लागि मधेशी दलको जन्म भएको हो । कांग्रेस र कम्युनिष्टमा खसआर्यको जुन विभेदकारी नीति रहेको छ, उनीहरू बर्षौंदेखि शासनमा बसेर सत्ताधारी भईसकेका छन् । उनीहरूले पछाडि परेको समुदायलाई माथि उठाउनका लागि कुनै पहल गरेको पाईदैन । आफैं राजा हो भन्ने महसुस गरेर आफैंलाई सर्वेसर्वा ठान्दछ । हामीले मधेशको मुद्दा सदनमा उठाउनका लागि पहल गर्छौं र उठाउँछौ पनि । त्यतिबेला कांग्रेस र कम्युनिष्ट नै एउटै खेमामा आईहाल्छन् । मधेशी दलको सीट थोरै छ उसले के गर्न सक्छ र ? सरकार निर्माणको समयमा हामीलाई मत दिनू तपाईहरूको जायज माग सम्बोधन गर्छौं भनेका थिए तर कुनै पनि सरकारले हाम्रो माग सम्बोधन गरेको छैन । सरकारमा सहभागी भएपछि हाम्रो माग सम्बोधन हुन्छ भनेर केपी ओली नेतृत्वको सरकारले जुन प्रतिवद्धता व्यक्त गरेको थियो, त्यो अझै पूरा भएको छैन । सरकार मै बसेर आफ्नो माग सम्बोधन गराउने अवसर प्राप्त भयो भन्ने सोचेर हामी सरकारमा गएका हौं । अहिले सरकारले हाम्रो माग सुनिरहेको छैन । यस्तै अवस्था रह्यो भने जुनसुकै बेला हामी सरकारबाट अलग हुन्छौं ।

क्याबिनेटमा हामीले कुरा उठाईरहेकै छौं । हाम्रो माग सरकारले सुनिरहेको छैन । त्यसको विरोध त हामीले गरिरहेकै छौं नि । सरकार निर्माण भएको दुई वर्ष हुनु लागिसक्दा पनि मधेशको कुनै माग सम्बोधन भएको छैन । त्यसले गर्दा मधेशी दलहरू, विभेदमा परेको समुदाय यो केपी ओलीको सरकारबाट विक्षिप्त भइसकेका छन् । केपी ओली सरकारको यही रवैया रहिरह्यो भने हामी सोच्न बाध्य हुन्छौं ।

स्वास्थ्य मन्त्रालय र शहरी विकास मन्त्रालय हाम्रो जिम्मेवारीमा छ । विकासको कार्यप्रणालीको सबैभन्दा पहिले प्रदेशलाई अधिकार दिने मन्त्रालय यही दुईवटा हो । प्रदेशका जति अञ्चल अस्पतालहरू छन्, जा् पहिला केन्द्र अन्तर्गत थिए अहिले सबै प्रदेश अन्तर्गत आइसकेको छ । मधेशमा अलपत्र अवस्थामा रहेका अस्पतालहरूको विकासमा स्वास्थ्य मन्त्रालयले काम गरिरहेको छ । प्रदेश २ लाई विकासमा कसरी अगाडि ल्याउन सकिन्छ भनेर हाम्रा पार्टीका मन्त्रीजीहरूले काम गरिरहनु भएको छ । त्यसको प्रभाव केही समयपछि देख्नुहुनेछ ।

प्रदेश २ को जनकपुर अञ्चल अस्पताल पहिले संघीय सरकारको मातहतमा थियो । अहिले बल्ल प्रदेशको मातहतमा आएको छ । प्रदेश सरकारले अस्पताल अवस्था सुधार गर्नका लागि समिति गठन गरेको छ । यो अञ्चलभित्र स्वास्थ्य सम्बन्धी जतिपनि नियम कानुनहरू रहेका छन् त्यो पास भईसकेपछि व्यवस्थित ढंगले अनुगमन गर्ने, कर्मचारीलाई प्रोत्साहन गर्ने कामहरू हुन्छ । अहिले समायोजनका नाममा कर्मचारीलाई कहिले यता कहिले उता लगिदैंछ । केहीको समायोजन नभएर अलपत्र पारिएको छ । प्रदेशबाट भर्ना गर्नुपर्ने कर्मचारी भर्ना नगरेर केन्द्रबाट भर्ना गर्न खोजिदैंछ । जनताले प्रदेश सरकार गठन भएपछि यस्ता कामहरू होलान् भन्ने जस्तो आशा गरेका छन् । त्यो आशा पुरा गर्नका लागि प्रदेश सरकार लागि परेको छ तर विभिन्न नियम कानुनको अभावले काम गर्न सकिएको छैन ।

जुन आकांक्षाले हामी सरकारमा सहभागी भयौं त्यो पूरा भईरहेको अवस्था छैन । हामीले सरकारलाई सचेत गराईरहेका छौं । ओलीको सरकारप्रति जनताको व्यापक गुनासो छ भनेर हामीले खबरदारी गरिरहेकै छौं । यदि सरकार यसैगरी अगाडि बढ्दै जान्छ भने सडक र सदन नै हाम्रो बाटो हो । हामी त्यहीँबाट आफ्ना माग सम्बोधन गराउँछौं ।

२०६२/६३ देखि जुन आन्दोलन भयो त्यहाँबाट प्राप्त भएको उपलब्धीलाई पनि त हामीले संस्थागत गर्नुपरेको छ । त्यसका लागि पनि हामी सरकारमा सहभागी भएका हौं । आजको भोलि हतारमा सरकार छोड्दैंमा सबै समस्याहरू समाधान हुन्छ भन्ने होइन । अवरोधहरू आइरहन्छन् र हामीले संघर्ष गरेर देशमा संघीयता ल्याएका छौं । अहिले संघीयताको पक्षमा सातै प्रदेशहरू रहेका छन् । यस्ता उपलब्धीहरूलाई संस्थागत गर्नु पनि हाम्रो कर्तव्य हुन्छ ।

राजपा पनि एउटा शक्तिको रूपमा स्थापित भइसकेको पार्टी हो । सानो सानो दलहरू एक भएनन् र सानै रूपमा रहि रह्यो भने कांग्रेस र कम्युनिष्ट पार्टीले हामीलाई अगाडि बढ्न दिँदैनन् । त्यसैले मुद्दा एउटै भएका, सोच एउटै भएका दलहरू एक हौं र पार्टीलाई एउटा बृहत्त स्वरूपमा अगाडि बढाऔं भन्ने हाम्रो मनसाय हो । तत्कालीन नेकपा एमाले र माओवादी एकीकरण भएर अहिले बहुमतको सरकार संचालन गरिरहेको छ । त्यसबाट पनि हामीले पाठ सिक्न जरूरी छ । हामी भित्र खासै मतभेद पनि केही छैन । नेताहरूको क्रमबद्धता मिलाउन केही समस्या आउन सक्ला तर पार्टी एकीकरणका लागि अन्य त्यस्ता जटिल समस्या केही छैनन् । धेरै छिटो सानातिना समस्याहरू समाधान भएर पार्टी एक हुन्छ भन्नेमा म विश्वस्त छु ।

हामी संविधान जलाउने अवस्थामा पनि छैनौं र संविधान दिवसको दिन लड्डु बाड्ने अवस्थामा पनि छैनौं । अहिलेसम्म संविधानमा उल्लेख भएका कतिपय अधिकारहरू व्यवहारमा लागू हुन सकिरहेका छैनन् । अहिले पनि संघीयतालाई कसरी फेल गराउने भन्ने सोच केहीमा रहेकै छ । हामी त्यो विषयमा सचेत हुन जरूरी छ । संविधान हामीले मानेका छौं र त्यसमा क्रमश: सुधार हुनुपर्छ भन्ने हाम्रो माग पनि यथावत् नै छ । यो वर्ष पनि हामी मौन बस्छौं ।

*(यादव समाजवादी पार्टीका केन्द्रीय सदस्य हुन ।) (मधेश दर्पण फिचर सेवा)*

# पराधीन राजनीतिको तानावान

**जगदीश बराल**

लाभग्राही जनतालाई परिभाषित गरिएको प्रजातन्त्रमा आआफ्ना मनसुवा अनुकुल पञ्चायतवाद, समाजवाद, जनतन्त्र तथा जनवाद शब्द राख्न तँछाड मछाड गर्दागर्दै खारेजी र स्वीकार्यको परिधान मिलाएर संविधानले लोकतान्त्रिक समाजवादी गणतन्त्रको शासन कायम गर्ने व्यवस्था मिलाएको पनि ४ वर्ष हुनलाग्यो ।

मनपरेको प्रतिनिधि उठाउने पठाउने भनेपछि मनपराउन लायक हुनका लागि तुलनात्मक रूपमा अरूले गरेको भन्दा अझ झन मनपर्नेस सबैले मनपराउने कार्य र सकारात्मक परिणाम देखाउन सक्नुपर्छ । चुनावी बाचा, घोषणपत्र, चुनावीमुद्दा-योजना-कार्यक्रमहरु तुलनात्मक फायदाका पुलिन्दा हुन् । राम्रो कामको तुलनात्मक प्रतिस्पर्धाले आम मतदाता हुन वा सर्वसाधारण जनता सबैलाई तुलनात्मक फायदाको न्यायपूर्ण विवेकशीलताको ऊर्जा प्राप्त हुन्छ । यही ऊर्जाले घण्टौँसम्म घाम पानी नभनेर मतपत्रको सर्वोच्चतालाई आत्मसात गर्न सबैलाई उत्प्रेरित गरेको हुन्छ ।

अघिल्लोभन्दा यो राम्रो हुन्छ कि ? समस्या नै यही छ । मतदाताको उत्प्रेरणा त्यतिबेला फ्रस्टेसनमा बदलिन्छ जब तुलनात्मक फायदाका पुलिन्दाहरु सपनामा रचिएका शास्त्रमा रूपान्तरण हुन्छन् । सपना देख्नु र देखाउनु नराम्रा कुरा होइनन् तर सपना पूरा गर्न जे गरिँदैछ त्यसप्रति जनताको विश्वास जगाउन नसक्नुस आत्मकेन्द्रित हुनु अनि पुलिन्दाभन्दा बाहिरका लोभ तथा आग्रह उन्मुख आग्रही सरोकारलाई समेत तत्कालीन लाभ हुने क्रियाकलापलाई राम्रो उपलब्धि मनेर जनताको वाहवाही खोज्नु र सन्तुलनमा राख्न र खबरदारी गर्न जनताले दोस्रो वा तेस्रो दर्जामा राखेकाहरु चालक समेत छदम रूपमा सहभागी हुन गएका रहेछन् भने त तुलनात्मक फाइदालाई धमिल्याउन थप मद्दत पुगिरहेको हुन्छ । आप्रवासी, नागरिकता, विदेशनीति, धार्मिक विवाद, सीमासुरक्षा, अन्तरदेशीय गठबन्धन, क्षेत्रीय सुरक्षा जस्ता मुल मुद्दाहरुमा बुझपचाइ गर्दै यिनको अन्य महत्त्वहीन विषयमा चासो राख्ने प्रवृत्तिले पनि तुलनात्मक फाइदा धमिलो हुन जान्छ ।

नेपालको राजनीतिमा शासनसत्ता र राज्यसत्ताको पकड अलग अलग पात्रहरुको हातमा पो छ कि ? यो हल्का जिज्ञासा होइन । २००७ सालदेखि हालका सङ्घीय निर्वाचित प्रमभन्दा अघिसम्म कुनै पनि प्रधानमन्त्री तीन वर्ष नटिकेको संस्कार (आलोपालो चलाउने सहमति भएको अवस्था बाहेक)को नजिर बताइन्छ । राजनीतिको चियापसले गफमा निपुण नेपाली जनताले हलका रूपमा बुझेका पात्रहरु नहुन पनि सक्छन् ।

राजनीति नैतिक, मर्यादित, आदर्श, स्वच्छ, परिपक्व, सेवामूलक व्यवहार हो । राजनीतिले सत्ताका लागि आफ्नो अनुकुलता खोज्दा यो फोहोरी खेल हुन्छ । यस्तो फोहोरी खेल खेलेर विजयी हुने खेलाडीको विजय अस्थायी हुन्छ । पराजय हुने खेलाडीले पनि आफूलाई जुन दाउले हराइयो त्यही दाउ लगाएर पुनः विजयी हुनसक्छ । वि.सं. २०५२ सालमा एमालेको सरकार ढलेपछिका पटक पटकका सरकार बनाउन फोहोरी दाउ लगाइयो । त्यो दाउ सदा प्रयोगयोग्य होला जस्तो छ । राजनीतिको फोहोरी खेलमा कर्नाटक प्रदेश कुमार स्वामीको सरकारको ९९ मतलाई विपक्षीको १०५ मतले पराजित गरेको हेरियो ।

फोहोरसँग खेल्नेले अरूलाई फोहोरी भन्ने नैतिकता गुमाएको हुन्छ । तुलनात्मक फायदाबाट जनताको ध्यान अन्तै मोड्न पनि फोहोरी खेल खेलिन्छ । कर्पोरेट फन्डिङले हाँकेको चुनावी लोकतन्त्रले समाजवाद त के, प्रगतिशील पुँजीवाद त के अराजक दलाल पुँजीवादतिर पो लाने हो कि भन्ने मौलाएको निराशा र नकरात्मक उन्मुख सोचाइलाई निस्तेज गर्न नेपाली लोकतन्त्रका लाभग्राही, चालक र सरोकारवाला निकै सचेत छन् भन्ने महशुस गर्ने अवसर दुर्लभ हुने प्रबल सम्भावना देखिँदैछ ।

मदन भण्डारी दुर्घटनामा नपर्नु भएको भए रत्ननगर टाँडीको कार्यक्रम सकेर उहाँ फर्केपछि महेन्द्रनारायण निधिको नेतृत्वमा नयाँ सरकार गठन हुने थियो भनेर मोर्निङवाके वा बेकामेहरुको चियापसले मनगढन्ते गफको आधारमा पत्रकारले समाचार लेख्न मिल्दैन । पत्रकारिता अलिकति बुझ पचाउने पेसा चाहिँ हो । तर प्रचलित मूल्य मान्यता र पत्रकारिताको मापदण्डको विपरीत हुनेगरी बुझ पचाउने कुरा सधैँ स्वीकार्य हुँदैन ।

अर्थमन्त्रालयले महालेखा नियन्त्रक कार्यालयको कम्प्युटर नियन्त्रणमा लियो भन्ने समाचार पढियो । सरकारले सही तथ्य बाहिर नल्याएको भन्ने हल्ला पनि चल्यो । सङ्घीयताको प्रारम्भिक चरणको पनि थोरै अंश पार गरेको अवस्थामा सञ्चालन खर्च बढी हुनु स्वाभाविक हुन्छ । नेटवर्कबाट तथ्याङ्क तान्न कठिनाइ भएर पनि कम्प्युटर नै ल्याउन भनिएको हुन सकछ । प्रष्ट पार्नु पर्छ । एउटै विषयमा राष्ट्र बैङ्कको एउटा, आर्थिक सर्वेक्षणको अर्कोथरि र मलेनिकाको अर्को हुने अवस्थाको अन्त्य भएको छ । हल्लाभन्दा सरकारले सुने पनि नसुनेजस्तो गरी बुझ पचाउँदा चाहिँ अन्योल हुन्छ ।

हालै भारतीय संसदमा विपक्षीले नयाँ दर नै प्रस्तुत गरेर हालै सरकारले बताएको बेरोजगार दर झुठो भएको भन्ने हल्ला भो । विपक्षीको दर चाहिँ सही हो भन्ने चर्चा पनि चल्यो । शाही शासन कालमा पनि मलेनिकाको तथ्याङ्क चुहिएको निहुँमा केही पदाधिकारीलाई पूर्वाग्रह पनि राखिएको भन्ने गाइँगुइँ सुनिएको थियो । यस्तामा बुझ पचाउनुको सट्टा स्पष्टता आवश्यक हुन्छ । बुझ नपचाइ भन्नुपर्दा कर्मचारीको भूमिका पनि निरीह र भ्रमित भएको देखिन्छ ।

नगरपालिकाले अतिरिक्त जरिवाना गरी भवन निर्माण गर्न स्वीकृत दिएको खबर नेपाली अखबारमा पढ्न पाइयो । जरिवाना तिरेपछि मापदण्ड विपरीत काम गर्न मिल्दो रहेछ भन्ने यो सन्देशको भाव पनि बुझिन्छ । अवैध निर्माण गरेकोमा भत्काउने सरकारी निर्णयविरुद्ध मुम्बइको एक व्यावसायिक कमप्लेक्सले गरेको रिटविरुद्ध सुप्रिम कोर्टका प्रधान न्यायाधीश रञ्जन गोगोई, अरू न्यायाधीश दीपक गुप्ता र एएस वोपन्नाको इजलासले- यदि यस्ता मापदण्ड विपरीत निर्माणलाई जरिवाना लिएर इजाजत दिएमा अराजकताको सिर्जना हुन्छ भनेर गरेको फैसला नेपालको सन्दर्भमा पनि मननयोग्य छ ।

सरकारी निकायका प्रमुखले आफ्नो कार्यकालमा अधिकतम कार्यप्रगति होस् भन्ने चाहेको हुन्छ । सबै निर्माण व्यवसायी-ठेकेदार वा आपूर्तिकर्ताले सम्झौता तथा कार्यतालिका अनुसारको काम गुणस्तरीय रूपमा समयभन्दा अगावै सम्पन्न गरेर पुरस्कृत हुने चाहना पक्कै राखेका हुन्छन् । यो चाहना मात्र होइन जिम्मेवारी पनि हो । तथापि, जतिसुकै संयन्त्रको व्यवस्था गरे पनि मिलिजुलीमै खरिद गर्नेस अनेक बहाना देखाएर भनसुन तथा दबाबसमेत गराएर म्याद थप गराउने र सोही कारणले मूल्य समायोजनको दाबी गर्ने सो नभए मुद्दा हाल्ने परिपाटी छ । ठेकेदार वा आपूर्तिकर्ताले घाटा लाग्ने भयो भने भेरियसन अर्डरको लागि विन्तीभाउ गर्ने पुरानो रोग निको भइसकेको छैन । पेस्की लिएर जग्गा प्लटिङ गर्ने पुरानो कथा सार्वजनिक खरिदको प्रशिक्षणमा निरन्तर वाचन गर्ने गरिएको छ ।

आयोजना आउने भएपछि जग्गाको मूल्य आकासिन्छ । मुआब्जाको आन्दोलन । डन र विचौलियाको डरलाग्दो चलखेल । जग्गाधनीहरु सबै दलका कार्यकर्ता । त्यसपछि व्यवस्थापकीय कारणले म्याद थप्नुपर्ने बाध्यता हुन्छ । अब मूल्य समायोजनको हक स्वतः कायम हुन्छ । काम गराउन जनताको डेलिगेसन नै जानु पर्नेस काम नगरे सम्झौता तोडी कानुनअनुसार गरिने छ भनेर अखबारका पाना भरेर श्राद्धमा बिरालो बाँध्ने कर्मकाण्डको निरन्तरता दिएर प्रमुखहरु ठूलै काम गरेको गर्व महशुस गर्दै मख्ख पर्नुपर्ने प्रवृत्तिको सिर्जनाको निम्ति कर्मचारीतन्त्र तथा ठेकदारतन्त्र मात्रले जिम्मेवारी लिनुपर्छ भनेर राजनीतिक पदाधिकारीहरुले औँला तेर्साउनु अर्को बुझपचाइ हो । 'सहयोग गर्नु पर्यो' भनेर गर्ने गरिएको आफ्नो पटके आग्रहमा अन्तर्निहित मर्मलाई राजनीतिक पदाधिकारीहरुले विर्सेर सुख पाउनेवाला छैनन् ।

सार्वजनिक निर्माणतर्फका करिब २२०० खरिद सम्झौतामध्ये लगभग १२०० तोड्नै पर्ने अवस्थाका अलपत्रे अवस्थामा छन् भन्ने समाचार प्रकाशमा आएका छन् । कर्मचारीतन्त्र स्थिर सरकार भएकाले कार्यसम्पादनको गतिमा निरन्तरता नै हुन्छ । कर्मचारी वा प्रमुखको फेरबदल हुँदैमा कार्यसम्पादनमा १० अंश असर पर्ला । राजनीतिक सरकार अस्थिर भएमा साविक मन्त्रीको पालामा कार्यक्रम स्वीकृत गरी अख्तियारीसमेत पठाइसक्दा नयाँ मन्त्री बहाल भएपछि मन्त्रालयले नै स्वीकृत गर्ने केही टुक्रे र खुद्रे कार्यक्रममा हुने परिवर्तनले ठूला र गम्भीर योजनाको कार्यप्रगतिमा असर पर्दैन । कानुले तोकेको पदीय अख्तियारी एवं जिम्मेवारी अनुसारको निणर्य गर्न पदाधिकारीहरु डराउँछन् । काम नगर्ने व्यवसायीलाई कारबाही गरेर जिस्क्याउँदा र विच्क्याउँदा पुरस्कार पाइँदैन, भोगिने तनाव पूर्वअनुमानित नै हुन्छ । अशल मनसायले काम गरे पनि कारबाहीमा पर्ने त्रासले राय माग्ने र निर्णय गराउन सम्बन्धित तालुक निकायमार्फत मन्त्रिपरिषद्मा समेत पठाउने प्रक्रिया र कार्यव्यवहार बढ्दो छ ।

विकास व्यवस्थापनसँग सम्बन्धित निकायहरुको लेखा उत्तरदायी अधिकारी, विभागीय प्रमुख र आयोजना प्रमुखको पद बहाली निष्पक्ष, पारदर्शी र चलखेल निषेधको साथ भएको ठोकुवा गर्दा लोप्पा या तथानाम गाली खानुपर्ने अविश्वासको माहोल छ । ठेकेदार वा आपूर्तिकर्ता कुनै न कुनै राजनीतिक दलका सदस्य छन् । कतिपय त निर्वाचित राजनीतिक पदाधिकारी पनि छन् । जुनसुकै दलको सरकार बने पनि पेसागत स्वार्थको सरोकारमा एक हुन्छन् । यिनलाई विच्याएर जिस्काएर पदअनुसार पाएको अतिरिक्त सुविधाको खोसुवामा पर्न कुनै अधिकारी चाहँदैनन् । पञ्चायती व्यवस्थामा यस्ता बेथितिहरु नभएका होइनन् । फेहरिस्त चाहिँ लोकतन्त्रमै लामो छ ।

प्रधानमन्त्रीको पद ग्रहण गरेपछि आफ्नो कार्यकाल लोकप्रिय भई इतिहासमा सुनौलो अक्षरले लेखियोस् भन्ने अभिलाषा हरेक प्रधानमन्त्रीले बोकेका हुन्छन् । उचितका लागि प्रमले कहिलेकाहीँ एक्लो दृढविश्वासले विवेक पूर्ण निर्णय लिनुपर्ने हुन्छ । दलभित्र हुँदैन भन्ने ठूलै जमातको अभिमतविरुद्ध तत्कालीन प्रम गिरिजाप्रसाद कोइरालाले शान्ति समझौताको लागि खेल्नुभएको भूमिकाले नोबेल पुरस्कारको दाबेदार बनायो । सम्माननीय प्रमले आर्थिक वर्षको वार्षिक प्रगति समीक्षा र पछिल्लो पटक मन्त्रीहरुलाई निर्देशनको सन्दर्भमा भौतिक प्रगति ६० प्रतिशत कायम गरेर सय मूल्याङ्कनको आशा नगर्न र अन्तरनिकाय समन्वयको कठिनाइ भएको बहाना अब नचल्ने भनेर दिनुभएको चेतावनी र प्रकट असन्तुष्टिले सबैले राम्रो गर्नुपर्छ भन्ने भावना र दृढविश्वासको नैतिकतामा कुनै शङ्का गर्ने स्थान छैन ।

राजनीति गर्नेले संविधान र पवित्र राजनीतिप्रति अलिकति भए पनि लोकलाज राख्नुपर्छ । प्रेम, लडाइँ र सत्तामा सबै जायज हुन्छ भन्ने पुराना कुरालाई नयाँ नेपालको निमार्णमा स्थान दिनुहुन्न । देशको राजनीति खराब आदर्शको पछि नलागोस् । आपराधिक राजनीतिले मौलाउने अवसर पाएमा जनताको जनप्रतिनिधिप्रतिको निष्ठा र विश्वासमा ग्रहण लाग्न थाल्छ । सत्ता केन्द्रित राजनीतिमा नैतिकताको प्रश्न दिनदिनै जति लचिलो र अस्थिर हुन्छ, राजनीति त्यति नै हल्का र तर्कहीन हुन जान्छ ।

आफ्ना स्वार्थका लागि अरूको एकतालाई भत्काउन खोज्नु राजनीतिमा आगो लाउनु हो । त्यो आगो कुनै दिन आफैमा लाग्छ । भेष र बाहिरी अनुहार सफा, भित्री कुरा चाहिँ कालो हुनु भनेको विकृत स्वरूप हो । नेपाली राजनीतिको स्वरूप त्यस्तो नहोस् । देशको आन्तरिक राजनीतिक समस्यामा विदेशी भूमिकाको रवाफलाई खेल्न दिँदा स्वाधीन र स्वतन्त्र राजनीतिको सट्टा पराधीन राजनीति मौलाउँछ । हरेक नीति परनिर्देशित हुँदा नेपाल 'रणनीतिक कठपुतली'देशको रूपमा परिचित हुने जोखिम रहन्छ ।

## विद्यार्थीलाई संसदीय गतिविधिबारे ज्ञान

काठमाडौं । ठीक सामुन्ने सभामुखको च्याम्बर, दायाँबायाँ सत्तापक्ष र विपक्षीको सिट रोल, झट्ट हेर्दा साँच्चिकै सांसद्जस्ता, तर यो संसद् भवन भने होइन । यो कुमारीपाटीस्थित काठमाडौँ भ्याली कलेजका विद्यार्थीलाई संसद्को अभ्यासबारे जानकारी दिन आयोजना गरिएको मक पारल्यामेन्टको दृश्य हो ।

दायाँबाँया सिट रोलमा सांसदहरुले आसन ग्रहण गरिसकेका थिए । अत्यासलाग्दो पखाईपछि मर्यादापालकको सुरक्षाको बीचमा सभामुखको आगमन भयो । आसन ग्रहणपछि सभामुखले भन्नुभयो, संसदको कार्य प्रारम्भ हुन्छ । शून्य समय, विशेष समय साँच्चिकै संसद्मा जस्तै सञ्चालनको घोषणा भयो ।

नेपालका प्रथम वनस्पतिविद् प्रयागराज पाण्डे फाउण्डेशनले वनस्पतिविद् प्रयागराज पाण्डेको शतवार्षिकीका अवसरमा विभिन्न कलेजका विद्यार्थीलाई नेपालको संसदीय व्यवस्था र संसद् गतिविधिमाथि जानकारी दिन मक पारल्यामेन्टसम्बन्धी प्रयोगात्मक कार्यक्रमको आयोजना गरेको हो ।

राष्ट्रिय विज्ञान दिवस तथा संविधान दिवसको अवसरसमेत पारेर आयोजना गरिएको सो कार्यक्रममा नेशनल ल कलेज, एशियन इन्स्टिच्युट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट तथा कान्तिपुर भ्याली कलेजका ६० भन्दा बढी विद्यार्थीले भाग लिएका थिए ।

सांसदको भूमिकामा रहेका २२ विद्यार्थीले शून्य समयमा काठमाडौँमा थुप्रिएका फोहर, वातावरण प्रदूषण, प्लाष्टिकजन्य फोहर, नागरिक अधिकार, एक घर, एक शौचालय, शिक्षा प्राप्तिका हक, निजगढ विमानस्थल, स्वतन्त्र सञ्चारमाध्यम आदि विषयमा प्रश्न उठाएका थिए ।

सभामुखको भूमिकामा पूर्णहरि अमात्य तथा सांसदको भूमिकामा रहेका नेशनल कलेजका विद्यार्थी अप्सरा घर्तीमगर, सिजन मल्ल, दीक्षा अधिकारी, सुम्निमा पाण्डे, कान्तिपुर भ्याली कलेजका वसन्त चौधरी, सुरज श्रेष्ठ, प्रतिमा भुसाललगायतका २२ जनाले धारणा राखेका थिए ।

सो अवसरमा नेपाली काङ्ग्रेसका नेता आनन्दप्रसाद ढुङ्गानाले नेपालमा संविधान जारी गर्दाको बखत सहमति जुटाउन निकै कठिन रहेको बताउँदै विसं २००७ पछि नेपालमा थुप्रै संविधान आए पनि जनताको पक्षमा यो पहिलोपटक राम्रो संविधान आएको बताउनुभयो ।

यो संविधान परिवर्तनशील संविधान भएकाले जनताले चाहेको कुरा संविधानमा राख्ने र जनविरोधी कुरा हटाउन सक्ने बताउँदै उहाँले कलेजका विद्यार्थी सांसदहरुको शून्य समय, विशेष समय आदिको प्रस्तुतीकरण राम्रो रहेको बताउँदै यसले विद्यार्थीलाई भविष्यमा देश चलाउन ज्ञान दिने धारणा राख्नुभयो ।

प्रतिष्ठानका संस्थापक अध्यक्ष मधुसुदन विष्टले नेपालको संसदीय अभ्यासमा विकृति भित्रिएको बताउँदै विद्यार्थीलाई संसदीय गतिविधिको ज्ञान दिन र भविष्यका सांसदहरुलाई प्रशिक्षण दिन यो कार्यक्रमको आयोजना गरेको बताउनुभयो ।

## मेगा बैंकबाट बालबालिकालाई खाद्यान्न सहयोग

काठमाडौं । मेगा बैंक नेपाल लिमिटेडले काठमाडौँको बुढानिलकण्ठस्थित फुड फर लाइफ नेपालमार्फत बालबालिकाहरुलाई खाद्यान्न सहयोग गरेको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व अन्तरगत मेगा बैंकले फुड फर लाइफ नेपाललाई १५ दिनका लागि पुग्ने चामल, नुन, तेलसहित बिभिन्न प्रकारका खाद्य सामाग्रीहरु सहयोग गरेको हो ।

फुड फर नेपालले सरकारी र सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई नियमित रुपमा आफैले पकाएर खाजा सहयोग गर्दै आएको




छ । सरकारी र सामुदायिक विद्यालयमा अध्ययनरत न्यून आय भएका विपन्न परिवारका बालबालिकालाई खाजा खानबाट बञ्चित हुन नपरोस् र त्यसले गर्दा पढाईमा कुनै असर नहोस् भन्ने उद्देश्यले मेगा बैंकले फुड फर लाइफ नेपालमार्फत बालबालिकाका लागि खाद्यान्न सहयोग गरेको हो ।

ग्राहकहरुलाई अत्याधुनिक बैंकिङ सेवा र सुविधा प्रदान गर्दै आएको मेगा बैंकले संस्थागत सामाजिक उत्तरदायित्वमार्फत असहाय तथा विपन्न वर्गका बालिबालिकाको शिक्षाका लागि पनि सहयोग गर्दै आएको छ । अहिले मेगा बैंकका १०२ शाखामार्फत १/१ जना बालिकालाई पनि बैंकले छात्रवृत्ति प्रदान गर्दै आएको छ ।

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
लालकृष्ण लामिछाने
समाजसेवी
भरतपुर महानगरपालिका-७,
कटहरचोक, भरतपुर

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
सम्भव सप्लायर्स परिवार
लिलाचोक, नारायणगढ

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना
प्रो. दुर्गादत्त अधिकारी
तथा
न्यू कर्मा रेष्टुरेन्ट तथा खाजा घर परिवार
शहिदचोक, नारायणगढ
शाखाः चाबहिल, काठमाडौं

# साकुरा बहुउद्देश्यीय सहकारीले गऱ्यो २३ लाख मुनाफा

भक्तपुर । साकुरा बहुउद्देश्यीय सहकारी संस्था लि. सूर्यबिनायकको चौथो साधारणसभा शनिबार सम्पन्न भएको छ। संस्थाका अध्यक्ष राजेन्द्र मिश्रले सदस्यहरुको आर्थिक र सामाजिक स्तर अभिवृद्धि गरी समुन्नत समाजको विकास गर्ने लक्ष्यका साथ आफ्नो संस्था अगाडि बढिरहेको बताए ।



उनले संस्थाले आधुनिक प्रविधि मैत्री संस्था बनाउनको लागि Icould Version मा रहेको Infinity Software को माध्यमबाट लेखा परीक्षण राखि सदस्यहरुलाई छिटो, सम्पन्न सुविधा प्रदान गरी मोबाइल बैंकिङसुविधा, रेमिटेन्स् पनि उपलब्ध गराउँदै आएको बताए ।

संस्थाका सचिव नानीबाबु थापाले यो संस्थाले आर्थिक कारोबारसँगै सामाजिक कार्यलाई पनि एक साथ अगाडि बढाउँदै लगेको बताउँदै आगामी वर्ष सहकारी सुपथ मूल्य पसल सञ्चालनमा ल्याउने लक्ष्य रहेको बताए ।

उनले सहकारी संस्थाहरुसँग एकता गरी व्यवस्थित र उत्कृष्ट सहकारी बनाउन समिति, उपसमिति, कर्मचारी र शेयर सदस्यको विभिन्न क्षेत्रमा विकास र क्षमता अभिवृद्धि गराउने कार्यहरु गर्दै जाने बताए ।

कोषाध्यक्ष महालक्ष्मी खड्काले गत आ.व.मा १ करोड ३० लाख ५३ हजार ३ सय १७ रुपैयाँ ४५ पैसा आम्दानी र १ करोड ७ लाख ३९ हजार ४ सय ६८ रुपैयाँ ८४ पैसा खर्च भई २३ लाख १३ हजार ८ सय ४८ रुपैयाँ ६१ पैसा नाफा भएको बताईन् ।

उनले संस्थामा ५ सय १६ महिला, ७ सय ८३ पुरुष, कर्मचारी १६ र अन्य संस्था ८ गरी कूल १ हजार ३ सय २३ जना सदस्य रहेको जानकारी दिँदै आ.व. ०७५/७६ मा १ करोड ३१ लाख ८ सय शेयर पूँजी संकलन भएको, कूल बचतमा ७ करोड ६९ लाख ८८ हजार ७ सय ९३ रुपैयाँ ८८ पैसा तथा ऋण लगानीमा ६ करोड १२ हजार ५ सय ८५ रुपैयाँ ७५ पैसा भएको बताइन् ।

लेखा सुपरिवेक्षण समितिका संयोजक माधव थापाले साकुरा लखपति बचत, साकुरा सुनौलो उज्जवल भविष्य बचत, नारी समृद्धि बचत तथा रेमिन्टेस् बचतजस्ता नयाँ फरक र बेग्लै पहिचान र सुविधा र सहुलियतको स्किम अघि सारेर बचतकर्ताको संख्याबढाउने, शेयर सदस्य र पुँजीमा वृद्धि र लगानीको क्षेत्र विस्तार गर्नु पर्ने बताए । साथै उनले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

संस्थाका प्रबन्ध निर्देशक निरञ्जन राउतले आगामी आ.व.का लागि प्रस्तावित कार्ययोजना तथा बजेट बस्तुत गरेका थिए । साधारणसभाको उद्घाटन सूर्यबिनायक नगरपालिकाका प्रमुख बासुदेव थापाले गरे ।

कार्यक्रममा बोल्दै प्रमुख थापाले सूर्यबिनायक नगरपालिकामा रहेका सहकारीले गरेका कामहरु नगरपालिकाले नियमितअनुगमन गरिराखेको बताए ।

उनले नगरबासीको परिश्रम गरी जोगाएको पैसा सहकारीमा बचत रहने भएकाले सो बचतको सुरक्षाका लागि नगरपालिकाले नियमित अनुगमन गरेको बताए । वडा नं. ८ का वडाध्यक्ष किरण थापाले नगरपालिकाभित्र १२६ वटा सहकारी संस्था रहेको जानकारी दिँदै सहकारीले आफ्ना बचतकर्ताहरुको आर्थिक रुपान्तरणमा भूमिका खेल्न सक्नु पर्नेमा जोड दिए ।

# उद्योग संघद्वारा औद्योगिक विकासका लागि अवधारणा सार्वजनिक

रुपन्देही । रुपन्देहीका उद्योगीहरुले रुपन्देहीलाई औद्योगिक हब बनाउन नीतिगत तथा संस्थागत सुधारका कार्यक्रम तत्काल लागू गर्न आग्रह गरेका छन् । उनीहरुले मुलुकमा बढ्दो अविश्वासको वातावरणको अन्त्य गर्दै उद्योगमैत्री वातावरण निर्माणका लागि सरकारलाई सुझाव दिएका छन् ।

शनिबार बुटवलमा अवधारणा सार्वजनिक गर्दै उद्योगीहरुले यस क्षेत्रको औद्योगिक तथा आर्थिक विकासका लागि निजी क्षेत्रको सहभागितामा आयात प्रतिस्थापन गर्ने लक्ष्यसहितको उद्योगहरुको स्थापना गर्न लाग्नुपर्ने सुझाव दिए । राज्यका गलत नीतिका कारण र औद्योगिक विकास कसरी गर्न सकिन्छ भनेर ठोस रणनीति बनाउन नसक्दा आर्थिक समृद्धि धेरै पछाडि परेको उनीहरुले गुनासो गरे । औद्योगिक विकासको लागि रुपन्देही उद्योग सङ्घको अवधारणा सार्वजनिक कार्यक्रममा प्रस्तुत अवधारणापत्रमार्फत सो सुझाव र गुनासो गरिएको हो ।

सरकारका पूर्वसहसचिव विष्णुप्रसाद ढकालले प्रस्तुत गर्नुभएको अवधारणापत्रमा औद्योगिक र आर्थिक विकास निजी क्षेत्रको सहभागिताबिना सम्भव नभएको दाबी गर्दै कृषिको निर्भरता कम गर्ने, उपलब्ध प्राकृतिक तथा भौतिक स्रोत साधनको उपयोग गर्दै उद्योगहरु सञ्चालन गर्ने योजना बनाउन भनिएको छ ।

अवधारणापत्रमा उद्योग स्थापनाका लागि उचित वातावरणको आवश्यकता पर्ने हुँदा आयातमुखी अर्थव्यवस्थालाई आत्मनिर्भर बनाउन उत्पादनशील अर्थतन्त्र बनाउने नीति कार्यान्वयन गर्दै नेपाललाई सशक्त औद्योगिक मुलुकका रूपमा रुपान्तरित गराउने कार्यको थालनी गर्न सुझाव दिइएको छ । त्यसका लागि राज्य र निजी क्षेत्रबीच दरिलो प्रतिबद्धता र नेपालको औद्योगिक विषयसँग सम्बन्धित नीति/नियमहरूको सुधार तथा दीर्घकालीन सोच बनाउन बुँदागतरूपमा तर्क राखिएको छ ।

कार्यक्रममा बोल्दै प्रदेश नं ५ का उद्योग पर्यटन वन तथा वातावरणमन्त्री लीला गिरीले प्रदेश सरकारको आर्थिक समृद्धिको लक्ष्य हासिल गर्नका लागि सहयोगी बन्न आग्रह गर्नुभयो । उहाँले अब अस्थिर राजनीतिलाई देखाएर प्रगति र समृद्धिको बाटोमा अगाडि बढ्ने कुरा रोक्ने छुट नभएको बताउँदै सरकारले गर्नुपर्ने कामका बारेमा खाका बनाएर दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रदेश योजना आयोगका उपाध्यक्ष डा ईश्वर गौतमले वर्तमान ढाँचामा सञ्चालन गरिएका उद्योगहरुले प्रतिस्पर्धात्मक बजारमा टिकाइराख्न गाह्रो पर्ने हुँदा नयाँ मोडेलको विकास गर्न आग्रह गर्नुभयो । प्रदेश सरकारले गर्नुपर्ने काम रुपन्देही उद्योग सङ्घले गरेकामा धन्यावाद दिँदै उहाँले उद्योग क्षेत्रलाई रोजगारी सिर्जना गर्ने क्षेत्रका रुपमा विकास गर्न त्यसलाई समृद्धिको खम्बा बनाउन आग्रह गर्नुभयो । सङ्घका अध्यक्ष गणेशप्रसाद अधिकारीले उद्योगमैत्री वातावरण निर्माण भएको खण्डमा उद्योगको स्थापना र विकाससँगै सम्भावना भएका पर्यटन, कृषि र खनिजजन्य उद्योगमा लगानी बढ्ने बताउनुभयो ।

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

गोविन्द
तामाकोशी हस्पिटल
परिवार

## बैकिङ्ग संसार

### मदन भण्डारी मेमोरियल ऐकेडेमीमा प्रभु बैंक लि. को एक्स्टेन्सन काउण्टर

उर्लाबारी । प्रभु बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा उर्लाबारी नगरपालिकास्थित मदन भण्डारी मेमोरियल ऐकेडेमीमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ । उर्रलाबारीस्थित मदन भण्डारी मेमोरियल ऐकेडेमीमा स्थापित एक्स्टेन्सन काउण्टरको असोज ०२ गते उक्त ऐकेडेमीका कार्यकारी निर्देशक विनोद अर्यालले एक समारोहका विच समुद्घाट्न गर्नुभएको हो ।

मदन भण्डारी मेमोरियल ऐकेडेमीमो अध्यनरत विध्यार्थीले अब विना



झन्झट प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट कारोबार गर्न सक्नेछन् । नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरुको बैंकिङ्ग कारोबार प्रभावकारी रुपमा सञ्चालन गरिरहेको यस प्रभु बैंकले मदन भण्डारी मेमोरियल ऐकेडेमीमा पनि आफ्नो सेवा विस्तार गर्न सफल भएको छ । सेवाग्राहीहरु प्रभु बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने बैंकले विश्वास लिएको छ ।

प्रभु बैंकले १९५ वटा शाखा कार्यालय, १५२ वटा ATM तथा ३३ वटा एक्स्टेन्सन काउण्टरहरु मार्फत् अत्याधुनिक प्रविधियुक्त गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाह गरिरहेको छ ।

### एनआईसी एशिया बैंक र लोक सेवा आयोगबीच लोक सेवा आयोगबीच राजश्व संकलन गर्ने सम्झौता

काठमाडौं । एन आई सी एशिया बैंक लिमिटेड र लोक सेवा आयोगबीच लोक सेवा आयोगबाट संकलन हुने दरखास्त दस्तुर वापतको राजश्व एन आई सी एशिया बैंकमार्फत् संकलन गर्ने सम्झौता भएको छ । सो सम्झौता



अनुसार लोकसेवा आयोगको परीक्षार्थीहरुले अबदेखि एन आई सी एशिया बैंकको देशभर रहेका २९८ कार्यालयहरु र ७० वटा एक्स्टेन्सन काउण्टरहरुबाट आफूलाई पायक पर्ने स्थानबाट परीक्षा दस्तुर बुझाउन सक्नुहुनेछ । सो सम्झौतापत्रमा बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत श्री रोशनकुमार न्यौपानेज्यू र लोक सेवा आयोगको तर्फबाट सहसचिव श्री जानकीराम शर्मा बरालज्यूले हस्ताक्षर गर्नुभयो ।

उक्त सम्झौतासँगै देशभर अधिकतम शाखा सञ्जाल रहेको यस बैंकबाट लोकसेवा आयोगको परीक्षाको तयारीमा रहेका परीक्षार्थीहरुलाई दस्तुर भुक्तानी प्रक्रिया सहज हुने विश्वास बैंकले लिएको छ ।

बैंकलाई आमजनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा यस बैंकको मुलुकभर २९८ शाखा कार्यालयहरु, ३५९ एटिएम, ७० वटा एक्स्टेन्सन काउण्टर एवं ४१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन सफल भएको छ । करिब १८ लाख ग्राहक महानुभावहरूका साथ सञ्चालनमा रहेको यस बैंकका प्रमुख वित्तीय परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् । उत्तरदायी बैकिंङ्गको अभ्यास गर्दै आएको यस बैंकले गत आर्थिक वर्षमा प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब ३ अर्ब १५ करोड रुपैयाँ भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ भने वित्तीय समावेशिकरणका लागि मुगु, कालिकोट, बझाङ, रुकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरुको न्यून उपस्थिति रहेका दुर्गम जिल्लाहरुमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरु नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरुमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

स्माईल ट्रेडर्स, परिवार
कमलनगर, नारायणगढ

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

प्रो. आकाश भट्ट
तथा
मिलिजुली होटल, परिवार
भरतपुर-१, रामनगर, चितवन
(सफा खाना तथा नास्को उत्कृष्ठ होटल)

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

मेघनाथ गौतम
अधिकृत
घरेलु तथा साना उद्याग
मन्थली, रामेछाप

मंगलमय शुभकामना

बडा दशैं २०७६ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै लिखु तामाकोशी गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागु गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

प्रेमबहादुर तामाङ
अध्यक्ष

मखमली श्रेष्ठ
उपाध्यक्ष

खाँडादेवी गाउँपालिका
रामेछाप

## लगेका थिए...

लगेका थिए । तर घरहरु बनाउदा बनाउदै सम्झौता गर्ने ठेकेदारको मृत्यु भएपछि ति २३ घरका मानिसहरु पनि अलपत्र परेको गुनासो साब्रा सदगाउका सम्बर बाहादुर सुनुवारले दुखेसो पोखे ।

**खानेपानीको चरम अभाव**

उक्त वडाको साब्रा सदगाउँ र थापा डाडागाउँमा भूकम्पछि खानेपानीको मुहान सुकेर खानेपानीको अभाव चरम बनेको छ । भूकम्प अगाडी भिमसेनधारा मुहान र पसारेखोला मुहान भासिएपछि खानेपानीको अभाव हुदै आएको छ । तर बर्षाको ५ महिना भने उर्मिएका पानीले धान्छ । अरु ७ महिना खानेपानीको अभाव हुदा चार पाँच घण्टाको बाटो हिडेर पानी ल्याउनुपर्ने स्थानीयले बताएका छन् ।

**स्वास्थ्य क्षेत्रको समस्या त्यस्तै**

यातयातको असुविधा हुदा स्वास्थ्य संस्थामा काम गर्ने कर्मचारी असोज लागेपछि मात्रै दुरागाउँ पुग्छन् असार साउन भदौ गाउपालिका मै बस्न बाध्यछन् किनकी यातयातको साधन नै दुरागाउ पुग्दैन ।

**शिक्षाको अवस्था पनि बिग्रदो अवस्थामा**

भूकम्पछि बिद्ययालयहरु अहिले सम्म पुननिर्माण हुन सकेका छैनान् । बासको टहरा हालेर पढाउनु परेको त्याहाका शिक्षकहरुले बताएकाछन् बर्षामा पानी चुहिएर पढाउन समेत समस्या हुने गरेको त्याहाका शिक्षकहरुको गुनासो आएको छ ।

**गाउपालिका अध्यक्ष गोविन्द खडका के भन्छन्**

हामीले तपाइको गाउपालिकाको १ न. वडाकृ समस्या के हो भनि सोधेका थियौ पालिकाले गाउँ, टोल, वडावाट आएका सुझाव र वडाले प्रथामिकी गरेर पठाएका कामहरुलाइ पारित गर्ने हो । सम्पूर्ण वडाको अधिकार वडालाइ नै हुन्छ । लिखु तामाकोशी गाउँपलिकाको वडा न १ को समस्या छ । त्यो वडा अध्यक्ष निङमारको कारणले त्यस्तो भएको हो । मैले पालिका अध्यक्षको हैशियतले धेरै पटक सम्झाइ सके तर उहाको ब्यवहारमा सुधार आएको छैन । अस्ति त वडाका स्थानीयहरुले वडाकार्यलय नै घेरेका थिए यो समस्या आएको सत्य हो । यस समस्यालाइ सावधान गर्नतर्फ हामी लागेका छौ उनले भने। हामीले वडाअध्यक्ष निङमार तामाङसँग सम्पर्क गर्दा मोवाइलमा सम्पर्क हुन सकेन ।

**२३ घर पहिरोको जोखिममा**

साब्रा सदगाउँ र थापा डाडा गाउँको मुनिबाट पहिरो झरिरहको र उक्त गाउ पहिरोको जोखिमा रहेको स्थानीय समाजसेवी प्रचण्ड सुनुवारले जनआकाशको टिमलाइ जानकारी दिएका छन् । बेलैमा त्यस ठाउको पैरो रोकथाम नगर्ने हो भने निकट भविष्यमा अर्को मानवीय क्षति पुग्ने सम्भावना रहेको सुनुवारले बताएका हुन् ।

## किराँत ...

सामाजिक अभियान्ता तथा युवा उद्यमी भरत कुमार राई विकेसिङले स्वागत मन्तव्यको क्रममा इतिहासमा १३ सय वर्ष भन्दा बढी समय शासन गरेको आफ्ना पुर्खाको प्रशंसा गरेका थिए भने अहिले आफुहरुमा आइरहेका गुट फुट र बेमेलप्रति कथा कहानी र किस्सा द्वारा सचेत गराउदै विभिन्न बाहानमा अन्यन्त्रित भएका सबैलाइ एकजुट हुनपर्ने आवश्यक्ता औलाएका थिए । स्वागत मनतव्य कै क्रममा उहाँले पुर्खले रचेको इतिहासलाई कहिले विर्सन नहुने बताएका थिए ।

पुर्खाको सम्मानमा वंशिय प्रतिभाहरुलाई प्रोत्साहन गर्दै आफ्ना इतिहासको पहिचान स्थापित गरी समाजिक विकासको अभियानलाई टेवा पुर्याउनु नै कार्यक्रमको खास उद्देश्य रहेको कुरा संस्थाका अध्यक्ष चन्द्रकुमार राईले बताए ।

कार्यक्रममा प्रमुख अतिथि रासेसका केन्द्रिय अध्यक्ष धनकुमार राई, केन्द्रिय उपाध्यक्ष शंखपाल राई, एसएसपी टेकप्रसाद राई, एसपी ज्ञानेद्रकुमार राई, शिक्षासेवी पञ्चकुमार राई, समाजसेवी तथा पुरस्कृत व्यक्तित्व देवीता राई, गीतकार उदय राई, तविन्द्र राईलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा संस्थालाई स्थापना कालदेखि निरन्तर आर्थिक सहयोग गर्दै आएका व्यक्तित्वहरुलाई समेत कदरपत्र प्रदान गरिएको थियो । कार्यक्रममा सल्लाहाकार जितेन्द्र राई, तिलक राई, धनजीत राई, ध्रुवकला राई, कानुन व्यवसायी देवराज राई, कवि शुक्र राई, गीतकार अगम राईलगायतको उपस्थिति रहेको थियो ।

## प्रचण्ड ...

आफुलाई सधै चुस्त र दुरुस्त राख्न सक्ने खुबी भएका पाठकले नेपालका छोटो समयमा ५२ वटा जिल्लामा महोत्वहरुमा गई प्रचण्डको नक्कली क्यारिकेचर गरेर दर्शकहरुको मत जितिसकेका छन् अन्तराष्ट्रिय क्षेत्रमा पनि त्यतिकै मात्रमा परिचित छन् ।

**पछिल्लो समय के गर्दैछन् प्रचण्ड**

प्रदीप पाठक यानकी (डुब्लीकेट प्रचण्ड) पछिल्लो समय ठूलो माछा नामक फिल्म निर्माणको तयारी छन् हाम्रो भेटमा उनले मैरै निर्देशनमा बन्न लागेको ठूलो माछा नामक फिल्मको छायाङ्कन भइरहेको छ । त्यसको कथाले विभिन्न ठाउँ क्षेत्र र विदेश विशेष गरेर अमेरिकामा पनि जोडिएको हुनाले केही समयपछि ठूलो माछाको छायाङ्कन गर्न अमेरिका जाने तयारी गरिरहेको बताए उनले ठुलो माछाको निर्माताहरु प्रकाश पाठक र रामशरण खत्री रहेको हाम्रो भेटमा भनेका हुन् ।

उनलाई हामीले ठट्टाई ठट्टामा फिल्मको नाम ठूलो माछा राख्नुको कारण चै के हो भनि सोध्यौ उनले ठूलो माछाले सानो माछालाई कसरी खान्छ भन्ने त तपाईले सुन्नु भएकै होला भनि उत्तर दिदै बढो चतुर्‍याइका साथ अन्य विषयवस्तु फिल्मबाट मात्र प्रष्ट हुने जानकारी दिए ।

## आन्दोलन...

त्यसैगरी विद्यार्थीले संचालन गरेका सबै कार्यक्रम हाललाई स्थगन गर्ने र अवरोध भएका सबै पठन पाठनको कार्य असोज ५ गतेबाटै सञ्चालन गर्नेमा सहमति भएको छ ।

नेपाल सरकार वा आइओएमले तोकेभन्दा बढी कलेजे असुल उपर गर्दै आएको शुल्क फिर्ता वा समायोजन गर्ने र कसलाई कति फिर्ता गर्ने भन्ने सम्बन्धमा निर्णय गर्नेमा सहमति भएको छ ।

## रामेछापको ...

त्यतिवेला लगत संकलन गर्न गएका इन्जिनियरहरुको टोलि पुगेर लगत संकलन पनि गरेको थियो । त्यतिवेला कतिपय पीडितहरु आफन्तकोमा शरण लिन गएका कारण त्यतिवेला देखि नै २०० भन्दा बढी भूकम्प पीडितका नाम छुटेको छुटयै भएको जिल्ला पुननिर्माण कार्यलय रामेछाम मन्थलीले पनि स्वीकारेको छ ।

स्थानीय कर्मचारीको अधिकार जन प्रतिनिधिलाइ ।

२०७४ सालको स्थानीय निर्वाचनवाट निर्वाचित जन प्रतिनिधिलाइ राष्ट्रिय पुननिर्माण प्रधिकरणले उनिहरुले सिफारिस गरेमा सम्झौता गरिदिने निर्णय २०७५ मा गर्‍यो त्यसपछि दुरागाउका जनताले आफैले चुनेर पठाएको वडा अध्यक्ष निङमार तामाङले अरु केही नगरे पनि भूकम्पले क्षति पुर्‍याएका भूकम्प पीडितको माग सम्वोधन गर्छ भन्ने थियो । तर वडाध्यक्ष निङमारले पीडितको समस्या सम्वोधन गर्नु त कता हो कता उल्टै सम्झौता भएका घर २३ वटा घर सामुहिक रुपमा बनाइदिने भन्दै वडाध्यक्षले नै पहिलो, दोश्रो, तेस्रो किस्ता

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो हार्दिक मंगलमय शुभकामना

तरणी शंखर अधिकारी
वडा अध्यक्ष
वडा नं. २, न.पा.
मन्थली, रामेछाप

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना

प्रो. खुम्ब बहादुर श्रेष्ठ
बालकन्या फर्निचर उद्योग
मन्थली-१, रामेछाप
मोबाइलन नं.: ९८५४०४०२१२, ९८४४२६७२१२
९८६४२३७२३५

मंगलमय शुभकामना

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना

भरतबहादुर भट्टराई
जिल्ला शिक्षा कार्यालय
परिवार

मंगलमय शुभकामना


विजया दशमी तथा शुभ दिपावली २०७६ को पावन अवसरमा हाम्रा समस्त नगरवासी दाजुभाई, दिदी बहिनी तथा शुभ चिन्तकहरुमा श्री दुर्गा भवानी तथा श्री लक्ष्मीले समृद्धि प्रदान गरुन् भन्दै असत्य माथि सत्यको विजय भएको खुशियालीमा
हार्दिक मंगलमय शुभकामना

नगर प्रमुख
चन्द्रबहादुर राना
मध्यविन्दु नगरपालिका परिवार
चोरमारा, नवलपुर

# डेङ्गे (डेङ्गु) के हो जानी राखौं, मनबाट त्रास हटाऔं

डेङ्गु भन्ने वित्तिकै हामीहरु तर्सन्छौं र डराउँछौं पनि। यो रोग आफैमा खतरा हो पनि र हैन पनि। किनकी यदी तपाई घरमै आराम गरेर, झोलिलो पदार्थ र तागतिला खानेकुरा खाएर आराम गरी बस्नु भयो भने विस्तारै निके हुँदै जाने हो। धेरै ज्वरो आएमा सिटामोल खाने बाहेक धेरै औषधीको सेवन गर्नु हुँदैन। आफ्नो स्वास्थ्यको अवस्था थाहा पाउन मन लाग्यो भने रक्त परीक्षण गरेर ढुक्क हुन सकिन्छ। यदी प्लेटेट सेतो रक्त कोष कति छ भनेर जाँच गर्दा मापदण्ड भन्दा कम भयो भने पौष्टिक खानेकुरा, पोषिलो पदार्थ खाएर बढाउन सकिने जानकारी हुन जरुरी छ। ज्वरो अत्याधिक बढेर टाउको दुखेमा सिटामोल १००० एमजीको सिटोमोल खान सकिन्छ।

घरमै आराम गरेर झोला पदार्थ पिएर बसियो भने विस्तारै निको हुँदै जान्छ र प्लेटलेट र सेतो रक्त कोषिकाहरु ब्ढ्न थाल्छन्। यसका लक्षणहरुमा अत्याधिक ज्वरो आउने, बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने, मांसपेसी तथा जोर्निहरु बेस्सरी दुख्ने, धेरी शरीर गल्ने, चक्कर लाग्ने, केही पनि खान मन नलाग्ने, नाक र मुखबाट रगत आउन सक्ने, दिसाबाट रगत बगन सक्ने यी आदी कारणहरु नै डेङ्गुको लक्षणहरु हुन्। यसबाट बच्नका लागि शरीर ढाक्ने गरी कपास लगाउने, झुलको प्रयोग गर्ने, बाहिर हिँड्दा ओडोमस मल्हम वा लामखुट्टको स्प्रे छर्कने, फुल बाहुला कपडा लगाउने, घर आँगन एवं टोल टोलमा पानी जन्म नदिने, घरमा पानी राखिएको भाँडाकुँडा छोप्ने, लामखुट्टेले फुल पारेको ठाउँ पत्ता लगाई त्यो ठाउँ नष्ट पार्ने, सार्वजनिक स्थलको वरिपरि रहेको खाडल पुर्ने र



लामखुट्टेले फुल पार्ने सम्भावना स्थलमा आगो लगाई नष्ट पार्ने।

डेंगु फैलाउने लामखुट्टे रगतमा प्रवेश गरेको छ छैन भनेर रगत परीक्षण गर्दा सि.भि.सी. जाँच गर्न जरुरी छ। त्यस्तै गरी लिभर इन्जाइम परीक्षण एनएड-१ जाँच गरेर चिकित्सकको परामर्श लिन जरुरी छ। यदी रगतमा सेतो रक्तकण र प्लेटलेट घट्यो भने त्यस्ता बिरामीलाई सिटामोल, ज्वरो आएमा नत्र झेलिलो पदार्थ र पौष्टिक खाना खुवाउन जरुरी छ। सारै नै जटिल समस्या आएमा चिकित्सकको सल्लाह लिएर अस्पताल भर्ना पनि गर्नुपर्ने हुँदा समय समयमा चिकित्सकहरुसँग परामर्श गर्नुपर्दछ।

डेँगु लागेको प्रमाणित भएपनि यदी प्लेटलेट र सेतो रक्त कोषिकामा कमी आएको छैन भने त्यति आत्तिनु पर्दैन घरमै आराम गरेर र झोलिलो पोसिलो खानेकुरा खानु पर्दछ। ज्वोरोको मात्र घटेपछि मासूको झोल



सुरेश कुमार अधिकारी "मित्र"

तथा सुप प्रशस्त खानु पर्दछ। घरमै राम्रो पौष्टिक खाना र झोल पदार्थ खाई आराम गरेको केही दिनमै प्लेटलेट र सेतोरक्त कोषिका बढ्न थाल्दछ। घर वरिपरि टहल्ने पनि गर्न सकिन्छ।

जटिल अवस्था बाहेकको समय आफैले आफ्नो उपचार गर्न सकिने भएकोले माथि उल्लेखित विषयवस्तुमा ध्यान दिन जरुरी छ। यसो गरेमा डेँगुको त्रास विस्तारै हराउँदै जान्छ। जनचेतनामूलक पम्प्लेट, प्लेकार्ड र कोठाकोठामा सूचना प्रवाह गरेर डेँगुको नकारात्मक हल्लालाई रोक्न सकिन्छ। तसर्थ यो रोगबाट पहिला आफू सचेत रहने र अरु समस्यामो समाधान तर्फ लाग्ने यसको त्रास मनबाट हटाउने गरेमा डेँगु प्रतिको मनोरोगबाट बच्न सकिन्छ।

## नेपालमा पहिलो पटक बाथरोग चिकित्सकको सम्मेलन हुने

काठमाडौं। दक्षिण एशियाली देशमा बाथरोगको अवस्था, पछिल्ला उपचार प्रविधि, समस्या तथा रोगबारे आमजनचेतनासमेत जगाउने ध्येयले बाथरोग चिकित्सक सम्मेलन आयोजना हुने भएको छ।

नेपाल बाथरोग सङ्घद्वारा यही असोज १० र ११ गते हुने सो दुईदिने सम्मेलनमा दक्षिण एशियाली क्षेत्रका नेपाल, भारत, पाकिस्तान, श्रीलङ्का, भूटान, बङ्गलादेशलगायतका ५० विशेषज्ञ र नेपालका करीव १२५ चिकित्सक तथा स्वास्थ्यकर्मीको सहभागिता रहनेछ। नेपालमा पहिलो पटक आयोजित सो सम्मेलनले बाथरोगसम्बन्धी काठमाडौं घोषणापत्रसमेत जारी गर्ने छ।

सङ्घका कार्यसमिति सदस्य एवं बाथरोग विशेषज्ञ श्वेता नकर्मीका अनुसार सम्मेलनमा सहभागी देशले बाथरोग उपचारका अवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नेछन्। नेपालमा कूल जनसङ्ख्याको दश प्रतिशत अर्थात् ३० लाख मानिसलाई कुनै न कुनै प्रकारका बाथरोगको समस्या भएको तीमध्ये करीब १५ प्रतिशत मात्र उपचारको पहुँचमा पुग्ने गरेका जनाइएको छ।

करीब ७० प्रतिशत बाथरोगीले औषधि खाँदाखाँदै बीचमै छाड्ने र नेपालमा बाथरोग विशेषज्ञ चिकित्सक करीब ३० जना मात्र छन्। विशेषज्ञ चिकित्सक नकर्मी भन्नुहुन्छ, बाथरोग एक सयभन्दा बढी प्रकारका छन्, रगत परीक्षण गराएपछि मात्र बाथरोगका पहिलो जानकारी प्राप्त हुन्छ।

नेपालमा बढी मात्रामा युरिक एसिड, हाडजोर्नी सुन्निने, हाड खिइने र मेरुदण्डको हाड दुख्ने बढी देखिने चिकित्सकले जनाएका छन्। साथै बालबालिकामा बढी मात्रमा जोर्नी दुख्ने बाथरोगबाट ग्रसित भएको पाइन्छ। हाडजोर्नी दुख्ने, सुन्निने कक्रक्क हुने, घुँडा, कुहिनो दुख्ने, सामान्य ज्वरो आउने लगायतका लक्षण बाथरोग हुन्। समयमा उपचार नभएमा आँखा, मिर्गौला र मुटुलाई समेत असर पुऱ्याउने चिकित्सकले जनाएका छन्।

नेपाल सरकार
राष्ट्रिय पुनर्निमाण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन ईकाई
**जिल्ला आयोजना कार्यान्वयन इकाई**
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
**मन्थली, रामेछाप**

**सूचना सूचना सूचना**

**प्रवलीकरण गरी सुरक्षित बनौं।**

भूकम्पका कारण असुरक्षित भएका घरहरुलाई प्राविधिकहरुको सिफारिस अनुसार प्रवलिकरण (Retrofitting) गरी कम लागतमा पहिलेको भन्दा थप बलियो बनाई सुरक्षित बनाउन सकिन्छ। यसर्थ प्रवलीकरणमा सूचीकृत लाभग्राहीहरुले आआफ्नो क्षेत्रमा खटिएका संघसंस्था र प्राविधिकहरुसँग सम्पर्क गरी आफ्नो घरलाई प्रवलीकरण गरी सुरक्षित बनाउन अनुरोध गरिन्छ। प्रबलीकरण लाभग्राहीहरुलाई दुई किस्तामा नेपाल सरकारले रु. एक लाख अनुदान उपलब्ध गराउँछ। यस सम्बन्धमा थप जानकारीका लागि जिल्ला आयोजना कार्यान्वयन इकार्य (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) मन्थली, रामेछापमा सम्पर्क राख्न हुन अनुरोध छ।

**जिल्ला आयोजना कार्यान्वयन इकाई**
**(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)**
**मन्थली, रामेछाप**
www.nra.gov.np
**फोन नं. ०४८-५४०५८२/०४८-५४०५५२**

# नेपाली चेली खोज्न भारतमा 'अपरेशन'

**– काशीराम शर्मा**

बाँके। जोखिमपूर्ण यात्रामा वैदेशिक रोजगारीमा जान निस्केका महिलाको तथ्याङ्क केलाउँदा नेपालगञ्ज नाका सधैं चर्चामा आउँछ। सधैं भीडभाड हुने यो नाकालाई दलालले महिलालाई भारत तथा खाडी मुलुकमा पुऱ्याउन प्रयोग गर्दैआएका छन्। नुवाकोट, सिन्धुपाल्चोक, धादिङ लगायत जिल्लाका थुप्रै महिला तरकारी किन्न रुपैडिहा जान लागेको बहानाबाजीकै क्रममा पक्राउ खाने गरेका छन्।

भारतका कोठी तथा खाडी मुलुकबाट उद्धार गरिएका अधिकाँश महिलाले नेपालगञ्ज नाका हुँदै गएको बयान दिने गरेका छन्। भारतको कोठीबाट नेपाली चेलीको उद्धार गरेर फर्काउनु कम्ती चुनौतीपूर्ण छैन। बेचिएका र जोखिममा परेका चेली फर्काउन नेपाल र भारतबीच सन्धि सम्झौता छैन। त्यस्तै, कोठी सञ्चालकको स्थानीय प्रहरीसँग हुने साँठगाँठका कारण उद्धारका लागि पुग्नेहरुलाई असफलता हात लाग्ने र सुरक्षा दृष्टिकोणले पनि जोखिम हुने गरेको छ।

मानव बेचबिखनविरुद्ध क्रियाशील संस्था माइती नेपालले भारतका विभिन्न ठाउँमा खोजी 'अपरेशन' सञ्चालन गरी एक वर्षमा ५४ जनालाई फर्काएको छ। माइती नेपाल नेपालगञ्जले आर्थिक वर्ष २०७५/७६ मा ५७ चेलीको विदेशी भूमिबाट उद्धार गरेको छ जसमा तीन जना तेस्रो मुलुकका रहेका छन्। माइती नेपाल चेलीहरुको उद्धार गर्न आफ्नै संयन्त्रमार्फत भारतको नयाँ दिल्ली, आगरा, मेरठ, इलाहाबाद लगायतका स्थानमा पुगिरहेको हुन्छ।

माइती नेपाल नेपालगञ्जका क्षेत्रीय संयोजक केशव कोइराला धेरै पटक चेलीहरु खोज्न भारत पुगेको बताउँदै भन्नुहुन्छ - नेपाली चेली बेचिएका स्थानहरुमा रेकी गरेर चेली भएको सुनिश्चित भएपछि भारतस्थित सङ्घ, संस्था र स्थानीय प्रहरीको सहयोगमा छापा मार्ने गरेका छौं। सूचना चुहिँदा कतिपय बेला सोचेजस्तो सफलता हात नपर्ने पनि हुने गरेको छ। माइती नेपालले सूचना चुहिने जोखिमले स्थानीय प्रहरीभन्दा माथिल्लो तहको प्रहरीसँग छापा मार्ने कार्यका लागि सहयोग लिने गरेको छ।

भारतका कोठीमा छापा मार्दा माइती नेपालको टोली आफैं खोजीका लागि सक्रिय हुने गरेको छ। कोठीमा बेचिएका युवतीहरु चाहेर पनि सजिलै फर्कन सक्ने अवस्था हुँदैन। संयोजक कोइराला कोठीमा छापा मार्दा उनीहरुलाई च्यानल गेटभित्र थुनेर राख्ने र प्रहरी आउने सूचना पाएमा सुरुङ्गभित्र लुकाएर राख्ने गरेको पाइएको अनुभव सुनाउनुहुन्छ। कोठीमा भोगेको नारकीय जीवन सबैले थाहा पाउने भय र कोठी सञ्चालकको धम्कीका कारण कतिपय उद्धारलाई अस्वीकार गर्न खोज्छन्, उहाँले भन्नुभयो - त्यसैले हामी उनीहरुलाई काउन्सिलिङ, कानूनी उपचार र पुनःस्थापनामा पनि सहयोग गर्छौं।

माइती नेपालले चेलीहरुको उद्धारपछि भारतस्थित सरकारी आश्रयस्थलमा राख्ने गरेको छ। कोठी सञ्चालकविरुद्ध कानूनी कारवाही र क्षतिपूर्तिका लागि समेत भारतमा सहजीकरण गर्दछौं, उहाँले भन्नुभयो। माइती नेपालले श्रम र यौनशोषणमा परेकाहरुको उद्धार गर्दैआएको छ। माइती नेपालले आव २०७४/७५ मा ५२, २०७३/७४ मा ५१, २०७२/७३ मा २६, २०७१/७२ मा १९, २०७०/७१ मा ३१, २०६९/७० मा १४ र २०६८/६९ मा चारजनाको उद्धार गरेको छ। माइती नेपाल नेपालगञ्जले भारत प्रवेश गर्ने नाकामा निगरानी गर्दै जोखिमपूर्ण यात्रा गर्नेहरुको उद्धार गर्दै आएको छ।

उद्धार गरिएकाहरुलाई आवधिक गृहमा समेत राख्ने गरेको छ। आव २०७५/७६ मा ९०२ जनालाई माइती नेपालले सीमाबाट उद्धार गरी आवधिक गृहमा पठाएको थियो। उसले आव २०७४/७५ मा ९३०, २०७३/७४ मा १ हजार १२७, २०७२/७३ मा ८५०, २०७०/७१ मा ४०४ जनालाई उद्धार गरी आवधिक गृहमा राखेको थियो। माइती नेपालले आव २०७५/७६ मा ३५१ जनालाई नेपाल-भारत सीमाबाटै परामर्श दिई घर फर्कायो। त्यसअघिको आवमा २८८ जनालाई माइती नेपालले सीमा क्षेत्रबाट फर्काएको थियो।

घरपरिवारलाई थाहा नदिएर वा कतिपय सल्लाहले गएकाहरू केही महिनापछि सम्पर्कमा नआउने र आफन्तले त्यस्ता महिलाको खोजतलाश तथा उद्धारका लागि निवेदन दिने गरेको संयोजक कोइरालाले जानकारी दिनुभयो। विपन्न, निरक्षर, पारिवारिक सम्बन्ध राम्रो नभएका, दुःख पाएका र कतिपयलाई विवाहको नाटक गरेर दलालले भारत तथा खाडी मुलुकमा पुऱ्याउने गरेका छन्। आफ्नै ठाउँमा दुःखले बाँच्नुभन्दा खाडीमा गएर काम गरेमा पैसा कमाइन्छ भन्ने मानसिकताले दलालको पछि लाग्ने धेरै छन्। घरमा पनि दुःख पाएकै छौं, खाडीमा गए त यहाँ भन्दा के नै दुःख होला र भन्ठानेर दलालको पछि लाग्नेको पनि कमी छैन।

त्यसरी अवैधानिक तरीकाले खाडी मुलुकमा जाँदा धेरै महिलाले दुःख पाएका छन्, उहाँले भन्नुभयो - भारतीय शहरमा बेचिने महिला पनि सामाजिक सञ्जाल र मोबाइल फोनबाट सम्बन्ध जोडिएका धेरै छन्। खाडी जाने र नक्कली प्रेमको फन्दामा देश छाड्न खोज्ने अबोध महिलालाई छेक्न नेपालगञ्ज नाकामा प्रहरीसहित आधा दर्जन मानव बेचबिखनविरुद्ध काम गर्ने संस्थाले काम गरिरहेका छन्। त्यति हुँदाहुँदै पनि महिलालाई यो नाकाबाट भारत र भारत हुँदै खाडी मुलुक पुऱ्याउने दलाल अझै पनि सक्रिय रहेको प्रहरीको भनाइ छ।

जोखिमपूर्ण यात्रामा वैदेशिक रोजगारीमा जान निस्केका महिलाको तथ्याङ्क हेर्दा नेपालगञ्ज नाका सधैं अगाडि देखिएको छ। भारतका कोठी तथा खाडी मुलुकबाट उद्धार गरिएका अधिकाँश महिलाले आफूहरु नेपालगञ्ज नाका हुँदै गएको बयान दिने गरेका छन्।

दलालको राम्रो काम र दामको झूठो आश्वासनमा परेर भारत तथा खाडी मुलुक गएका महिला लामो समय आफन्तको सम्पर्कमा नआएपछि घरपरिवारले मानव बेचबिखनविरुद्ध काम गर्ने सङ्घसंस्था र प्रहरीमा खोजीका लागि निवेदन दिने गरेका छन्। पछिल्लो समयमा दिल्ली महिला आयोग, भारतीय प्रहरी, नेपाली दूतावास, मानव बेचबिखनविरुद्ध काम गर्ने सङ्घसंस्थाले भारतीय कोठीबाट उद्धार गरिएका अधिकाँश महिलालाई आफन्त तथा नक्कली मायाजालमा पार्नेले त्यहाँ पुऱ्याएको पाएका छन्।

## भ्रष्टाचारीले फसायो



मैले १० बर्ष भन्दा बढी सिवीनमा काम गरे र मैले सिविन भीत्र देखेको भ्रष्टाचार बाहिर ल्याउन चाहे अनी मलाई हाकीमहरु मिली फसाई दिए। म अहिले पनि अरुकै घर भाडामा लिएर बसेको छु, मैले एउटै घरमा भाडा लिई बसेको २३ बर्ष भै सक्यो। मेरो बानी अरुलाई सहयोग गर्ने मात्र हुन्छ मेरो हाकीमको जस्तो सडक बच्चा फसाएर खाने हैन मेरो परिचय पत्र दुई थरीको बनाई दुई तिरबाट पैसा ल्याई खाने गरेको रहेछ। प्रमाण मलाई दुईतिरको कर्मचारी देखाई तलब चै एक तिरको दिई एकाउण्टेण्टले खाने गरेको थाहा पाए। परिचय पत्र दुई थान यसै साथ छ। एउटा व्यक्तिलाई दुईतिर देखाई भ्रष्टाचार गरेको।

कृष्णबहादुर बोगटी
धुम्बाराही –४, काठामण्डौ

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो
**हार्दिक मंगलमय शुभकामना**

**विष्णु प्रसाद भण्डारी (प्रमुख)**
**नेपाल टेलिकम परिवार**
जिल्ला कार्यालय, मन्थली, रामेछाप

**मंगलमय शुभकामना**

विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख, समृद्धि प्रदान गरुन्, हाम्रो
**हार्दिक मंगलमय शुभकामना**

**नविन के.सी**
**कार्यकारी अधिकृत**
**उद्योग बाणिज्य संघ**
मन्थली, रामेछाप

# मेरा जिन्दगीका अनुभवहरु-१३

**केही महत्वपूर्ण भ्रमणहरुको सम्झना**

म विद्युत विभागमा हुँदा जलस्रोत मन्त्री रविन्द्र शर्माको नेतुत्वमा शंकर कृष्ण मल्ल र म, तीन सदस्यीय प्रतिनिधि मण्डल भारतको नयाँ दिल्लीमा विद्युत सम्बन्धी कुराकानी गर्न गएका थियौँ । त्यतिबेला भारतका जलविद्युत मन्त्री के. एल. राव थिए । उनी एक प्रसिद्ध इन्जिनियर पनि थिए । हाम्रो मुख्य लक्ष्य देवीघाट योजनालाई भारतीय सहयोगमा निर्माण गराउने र अरु सानातिना कुरा थिए । डा. के. एल. रावले तुरुन्तै देवीघाट योजना गरी दिने साथै, भारत मिलेर नेपालमा ठुलाठुला जलविद्युत योजना बनाउने भन्ने कुरामा जोड दिए । हामीहरुलाई भाखमंगल पंजाव र निर्माणधीन इन्टुकी पोजेक्ट केरला हेर्न जाने व्यवस्था मिलाई दिए । हामीहरुले पंजावको अति सुन्दर सहर चण्डीगढ हुँदै संसारभरिकै ठुलो मध्येका एउटा जलविद्युत आयोजना भाखमंगल र केरलाको प्रोजेक्ट राम्ररी हेर्‍यौ । त्यहाँ बन्दै गरेको Aardhan iddiai हेरेर Cape Lamerious को सुर्य उदयको अद्भुत दृश्य सहित विवेकानन्द टेम्पल हेरेर दिल्ली हुँदै काठमाडौँ फर्कियौ ।

विद्युत विभाग मै हुँदा खेरि तिन महिनाको लागि Australia मा Servey Mation corporation ले सर्बे गरेर बनाएको Indat Basin Survey को रिपोर्ट Fritoin गर्न तिन महिनाको लागि Australia, Singapur हुँदै Darwin, Sydney हुदै Snory Ijjomiol corma मा श्रीमती शुशीला बास्तोलालाई सहित लिएर गए । Sigapur अत्यन्तै विकशित देश रहेछ Australia मा समुन्द्री किनारामा मानव बसोबास घना भएको रहेछ भने मध्य भाग मरुभुमि रहेको । गाउँ, गाउँमा आधुनि सुविधा पुगेको रहेछ । यो देश युरोप जत्तिकै विकशित देश रहेछ । Sydney, Canberra युरोपियन देशहरु जस्तै High Rise Facility देखि सबै सुख सुविधा भएको ठाँउ रहेछ । त्यहाँका मानिसहरु पनि मिलनसार र सबै जातिको प्रतिनिधित्व रहेको पाइयो । त्यहाँ हिंसा कम रहेको देखियो । यो देश शान्त वातावरण रहेछ ।

मस्याङ्दी योजनामा हुँदाखेरि सचिव पशुपति प्रताप शाहको नेतृत्वमा म र नहर विभागको इन्जिनियरको टोली हङ्कङ् हुँदै चीनको राजधानी बेइजिङ् गएका थियौ । चिनियाँहरु भद्र, मृदुभाषी र आत्मीय व्यवहार गर्ने खालका हुँदा रहेछन् । त्यतिबेला चीनमा यदुनाथ खनाल नेपाली राजदूत थिए । त्यस समयमा उनले हामीहरुलाई धेरै नै सहयोग गरे । बेइजिङ् सहर पुरानो, दरबारहरु र नयाँ कपथ कगउभच हरुको समीश्रण भएको सहर रहेछ । तियामेन स्क्वायर पुरानो राजाहरुको दरबार क्षेत्रहरु, विशाल जेट आदि जस्ता भवनहरु, माओको मसोलियमPeple congress वरिपरि भव्य नयाँ निर्मित भवनहरु पुरानो चिनिया इतिहासको धरोहरु थिए । बेइजिङ्मा Underground metro अत्यन्त सुन्दर थियो । Opera हरु पनि भव्य प्रदर्शनीमा थिए । देङ् सियापिङ्को नयाँ नीतिले चीनमा उदारीकरणको सुरुआत भएको थियो । यस बेलासम्म चीनले धेरै नै प्रगति गरिसकेको थियो । उनीहरुले हामीलाई संसारके ठुलो जलविद्युत आयोजनाThree Garges Project देखाउने इच्छा गरेका थिए तर हाम्रो समय अभावको कारण त्यो सम्भव हुन सकेन । पछि मर्स्याङ्दी योजनाको काममा १५ दिनको लागि जर्मनी जानु पर्ने भयो । यस पटक मैल कान्छो छोरो सुनिल बास्तोलालाई लिएर गएको थिए । जर्मनीको लामियर र KFW बैकसँग कुराकानी गर्नु यस भ्रमणको प्रमुख उदेद्दय थियो । त्यहाँ प्रथम चरणको कुराकानी पश्चात् हामी लन्डन र स्वीडेन घुम्न गयौ । लन्डन ज्यादै पुरानो सहर आफ्नै इतिहास र भव्यता बोकेका इमारत र स्क्वायरहरु देख्दा मलाई ज्यादै रमाइलो लाग्यो । यहाँ पुरानो सभ्याताका धेरै धरोहरु छन् । स्केण्डेनेभियन देश स्वीडेन पनि अति विकशित देश हो । यहाँका ६० प्रतिशत जनता मध्यम वर्गका छन् । जनताको आम्दानी उच्च रहेको छ । यसका साथै कला र संस्कृतिमा पनि यस देश ज्यादै सम्पन्न छ । स्टकहोमबाट पेरिस हुँदै फ्रयाङ्कफर्टसम्म घुम्ने काम भयो । यो सहर अति वैभवशाली र मन्त्र मुग्ध बनाउने सहर रहछे । Versaillise palace जस्तो भव्य दरबार देखि आधुनिक कपथ कगउभच सम्मले सुसञ्चित तथा सभ्य मानिसहरको बसोबास भएको देखियो । विद्युत प्राधिकरण आएपछि एकचोटि छोरी संगीता अडेस्सामा पढ्दै गर्दा Independent Energy Confrance मा भाग लिन जाँदा श्रीमती शुशीलालाई लिएर गएको बेलामा तासकन्द, मस्को हुँदैMsaink गइयो । आधुनिक शैलीमा निर्माण भएको यस सहर अत्यन्तै मनमोहक ठाँउ रहेछ । यस कार्यक्रममा धेरै देशका इन्जिनियरहरुसँग आ आफ्ना अनुभवअरु आदान प्रदान गर्ने काम भयो । सोभियत युनियन बेलामा जस्तो Closed Society थिएन । Sociaism Capatalisy Sociey हरु खुल्ला थियो । समाज नै भिन्नै भएको थियो । Moscow मा नेपाली काउन्सिलर जितेन्द्र शर्मा थिए । उनले हामीलाई धेरै नै सहयोग गरे । राम्रा सहरहरु घुमाउन र किनमेल गर्न पनि उनले हामीलाई सहयोग गरे । छोरी शर्मिला पनि मस्कोमै आएर हामीसँगै घुमघाम गरेपछि फेरि ओडस्सा नै फर्की ।

मेरो मस्को अध्ययनको समयमा नेपाली दूतावसमा प्रथम सचिव भानु थपलिया थिए । उनको परिवारसँग राम्रो सम्बन्ध रह्यो । यसै समयमा तत्कालीन मन्त्रीपरिषद् अध्यक्ष डा. तुलसी गिरी सोभियत संघको भ्रमणमा आएका थिए । त्यतिबेला झरेन्द्र नारायण सिंह नेपाली राजदूत थिए । त्यस बेला म नेपाली छात्र संघको सभापति थिए । उनले डा. गिरीको सम्मानमा दिएको रात्रीभोजनमा म पनि सहभागी भएको थिए । त्यस भोजमा प्रधानमन्त्री निमिता खुश्चेभ, युरी गागारिन पनि आएका थिए । मलाई उनीहरुसँग पनि कुराकानी गर्ने मौका मिल्यो । खुश्चेभ कुनै पनि कुराकानी खुलस्त गर्ने स्वभावका मानिस देखिन्थे । उनकै पालामा रुसले क्युवामा Russian Military पठाए । पछि अमेरिका राष्ट्रपति केनेडीले Military नहटाए आक्रमण गर्ने धम्की



सूर्यनाथ बास्तोला

दिएपछि रसियाले क्यवाबाट आफ्नो सेना फिर्ता बोलाएका थियो । रुसमा त्यतिबेला अत्यन्त डरलाग्दो स्थिति रहेको थियो ।

म मर्स्याङदीमा हुँदा नै कामको सिलसिलमा पश्चिम जर्मनीको लामियरसँग सम्झौत ।गर्न जानु पर्ने भयो । यसपल्ट मैले श्रीमती शुशीलाई लिएर गए । काम सकेपछि हामीहरु एउटा गाडी लिएर फ्रयाङ्कतर्फबाट Ballkek Forest वरिपरि अत्यन्तै राम्रो थियो ।Rhine नदी पार गरेपछि स्वीजरल्यान्ड हरियो दुबो र Pine Forest ले सजिएका पाखाहरु ज्यादै नै मनमोहक थिए । माथि रहेका हिमच्छादित आल्पस टाकुराहरुले यस ठाउँलाई झनै लोभलाग्दो बनाएका थिए । यहाँ साना साना खोल्साखोल्सी, खहरे, गाईवस्तु चरनका लागि काठका बार लगाएका कम्पाउण्ड र जतातते गाईहरु देखिन्थे ।Zurich/Surva मा घुम्न पनि गइयो । यी सहरहरुमा राम्रा राम्रा पोखरीहरु रहेका देखिन्थे । यहाँ अति महङगा सरसामानहरु पनि पाइने रहेछ । यहाँका मानिसको प्रतिव्यक्ति आय पनि उच्च रहेछ । प्राकृतिक र मानव निर्माणको एकदमै तारतम्य मिलेको देखिन्थ्यो । यस देशका बाटघाटा, राम्रा थिए । यहाँ Electric Train, Villas, Lomdina, Serlqnd राम्रा थिए । फ्रान्सको बोर्डर हुदै ँrantfort फिर्ता पनि नयाँ Diplomatic Enlarge Culture Delhi विकशित भएर मनमोहरहरु सहर बन्दै गइरहेको थियो ।

*क्रमशः*

## समृद्ध नेपालको आकांक्षा पूरा गर्न उपराष्ट्रपतिको आग्रह

काठमाडौं । उपराष्ट्रपति नन्दबहादुर पुनले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्नेतर्फ केन्द्रित हुन अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी सङ्घसंस्थालाई आग्रह गर्नुभएको छ ।

चालिसौँ सामाजिक सेवा दिवसका अवसरमा सामाजिक सेवा मूल समारोह समिति र समाज कल्याण परिषद्द्वारा हिजो आयोजित समारोहलाई सम्बोधन गर्दै उहाँले विगतमा देशको राजनीतिक, आर्थिक तथा सामाजिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याए जस्तै गरी सामाजिक सङ्घसंस्था र अभियानकर्मीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्नेतर्फ केन्द्रित हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

उहाँले प्रत्येक नेपालीको आर्थिक, सामाजिक रुपान्तरणसहित समुन्नत र समृद्ध नेपाल निर्माणको महाअभियानमा हातेमालो गर्नु सामाजिक सङ्घसंस्थाको कर्तव्य रहेको बताउनुभयो । उहाँले भन्नुभयो, लोकतन्त्रमा मात्रै सामाजिक सङ्घसंस्था फस्टाउन सक्ने र सामाजिक काम पनि गर्न सम्भव हुन्छ, वर्तमान राजनीतिक परिवर्तन र उपलब्धिका लागि सामाजिक सङ्घसंस्थाले खेलिरहेको भूमिका सराहनीय छ, आर्थिक, राजनीतिक र सामाजिक रुपान्तरणका लागि निर्वाह गरेको भूमिकाका लागि सामाजिक सङ्घसंस्थालाई धन्यवाद दिँदै प्राप्त उपलब्धिप्रति गौरव गर्न आग्रह गर्दछु ।

उपराष्ट्रपति पुनले केहीले राम्रो काम गरिरहेको उदाहरण भए पनि ती सामाजिक संस्थाको रकम लक्षित समुदायसम्म पुग्न नसकेको गुनासो आइरहेकाले लक्षित समुदायलाई परनिर्भरताभन्दा पनि आत्मनिर्भर बनाउनतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, अहिले गाउँमा कुनै सानो सामाजिक कामका लागि बैठक बसौँभन्दा भत्ता कति आउँछ भन्ने प्रवृत्ति निकै बढेको पाइन्छ, जस्तो कर्णालीका स्थानीय जनताका लागि स्थानीय उत्पादनमा जोड दिने र त्यसबाट आर्थिक उत्पादनको सोचको विकास गर्नुभन्दा निरन्तर चामल पठाइराख्ने र परनिरर्भर बनाइराख्नेमा मात्रै हामी केन्द्रित भएका त छैनौँ ।

उहाँले गैरसरकारी सङ्घसंस्थाले काठमाडौँका ठूला होटलहरुमा कार्यक्रम गरेर पैसा सक्नुको सट्टा कर्णालीका जनतालाई स्याउ, जडीबुटी, पशुपालनमा लाग्न प्रेरित गर्ने कार्यक्रम ल्याउनुपर्ने आवश्यक औँल्याउनुभयो ।

महिला, बालवालिका तथा ज्येष्ठ नागरिकमन्त्री थममाया थापाले गैरसरकारी संस्थाको प्रभावकारी परिचालनमार्फत देशको आर्थिक भौगोलिक क्षेत्रका साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता क्षेत्रलगायत समग्र कल्याणका क्षेत्रमा परिषद्ले योगदान पुऱ्याउँदै आएको बताउनुभयो । उहाँले अब बन्ने परिषद्को ऐन नेपालको संविधानको उद्देश्य र अन्तर्राष्ट्रिय अभ्यासलाई आधार बनाएर बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

परिषद् सामाजिक क्षेत्रमा काम गर्ने गैरसरकारी सङ्घसंस्थाको सहजीकरण, समन्वय र ती संस्थाले सञ्चालन गर्ने कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न स्थापना गरिएको स्वायत्त निकाय हो । हाल नेपालमा कार्यक्रम सञ्चालन गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था परिषद्बाट स्वीकृति लिएर काम गर्दै आएका छन् । हाल २५० भन्दा बढी अन्तर्राष्ट्रिय र ५० हजारभन्दा बढी राष्ट्रिय गैरसरकारी संस्था परिषद्मा आबद्ध छन् । कार्यक्रममा समाजिक क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न व्यक्तिलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा
हाम्रा समस्त शुभचिन्तक तथा दाजुभाई,
दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख,
समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना
जिल्ला अदालत
मन्थली, रामेछाप परिवार

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक
तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख,
समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना
दिपक श्रेष्ठ
कोष तथा नियन्त्रण कार्यालय
मन्थली, रामेछाप

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक
तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख,
समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना
कबण लाम्गादे
नवदुर्गा सुन चांदी उद्योग
रामेछाप

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक
तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख,
समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना
केशव रोका (अध्यक्ष)
३ नं वडा कार्यालय
मन्थली नगरपालिका, रामेछाप

मंगलमय शुभकामना
विजया दशमी २०७६ को पावन अवसरमा हाम्रा समस्त शुभचिन्तक
तथा दाजुभाई, दिदीबहिनीहरुमा दुर्गा भवानीले सुख,
समृद्धि प्रदान गरुन्, हाम्रो
हार्दिक मंगलमय शुभकामना
विनोद अधिकारी
प्रमुख, जिल्ला शाखा
मन्थली, रामेछाप

